
प्रतीक

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epprateekdaily.com


PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

prateekdaily.com



कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय, पेशाका आधारमा व्यवसाय गर्न, कुनै धार्मिक कार्य गर्न वस्तु वा सेवा, सुविधा उत्पादन, बिक्री वितरण गर्न प्रतिबन्ध वा रोक लगाउन वा कुनै पेशा गर्न बाध्य पार्नुहुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ फागुन २१ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 05 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८९


## ठगी मुद्दाको आरोपमा जाटिया पक्राउ

प्रस, वीरगंज, २० फागुन/

वीरगंज, छपकैयाको रेलवे सडकको छेउमा रहेको श्रीराम कोलोनीका आएर एक्कासि मोहीवालाले भूमिसुधारमा मुद्दा गरेपछि न्यायको लागि पीडितहरू जिल्ला प्रहरी कार्यालय पुगेका अहिलेसम्म किन नलिएको भन्दै प्रहरीले पाँचजनामाथि मुद्दा लगाएको प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले बताए ।



श्रीराम कोलोनी । तस्वीरः प्रतीक

तत्कालीन जग्गाधनी प्रेम जाटियालाई ठगी गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय, पर्साले पक्राउ गरेको छ ।

श्रीराम कोलोनीको जग्गा खरीद गरी १७ वटा कित्तामा बिक्री गरेपछि मोहीवालाले हकदाबी गरेपछि प्रहरीले जाटियालगायत पाँचजनामाथि सङ्गठित ठगी मुद्दा दर्ता गरेको छ । श्रीराम कोलोनीको जग्गा १७ कित्तामा बिक्री गर्दा तत्कालीन अवस्थामा मोही नदेखिएको र पछि मोहीवालाले मुद्दा गरेपछि आफूहरू ठगिएको भन्दै कृष्ण सर्राफलगायत अन्य पीडितले जिल्ला प्रहरी कार्यालय, पर्सामा उजूरी दर्ता गराएका थिए। पीडित सर्राफका अनुसार २०६० सालमा सो जग्गाको बिक्री शुरू भएको र आफूहरू २०६५ सालदेखि घर बनाएर बसिरहेको अवस्थामा अहिले थिए ।

पीडित सर्राफका अनुसार जग्गाधनी रुद्रदेवी उपाध्यायबाट गोपाल अग्रवाल र अग्रवालबाट प्रेम जाटिया र त्यसपछि १७ जनाले सो जग्गा खरीद गरेका थिए।

६० नं कित्ताबाट २०६० सालमा जाटियाले ७ कट्ठा जग्गा खरीद गर्दा गोपाल अग्रवालको लालपुर्जामा मोही देखिएको तर जाटियाको लालपुर्जामा मोही महल खाली रहेकोले आफूहरूले स्वच्छ जग्गा खरीद गरेको सर्राफले बताए ।

पीडितहरूले जाटिया, उनकी पत्नी, गोपाल अग्रवाल, मोहीवालालगायत पाँचजनामाथि मुद्दा दर्ता गरी अनुसन्धान शुरू गरेको छ ।

१० वर्षसम्म मोहीवाला चुप लागेर बसेको र आफ्नो हकभोगको जग्गा उनका अनुसार १५ वटा प्रश्नसहित सो जग्गासम्बन्धी अन्य सक्कल कागजातसहित उपस्थित हुन भूमिसुधार कार्यालयलाई पत्राचार गरेको बताए । प्रहरी स्रोतका अनुसार जाटिया दुई दिनदेखि प्रहरीको नियन्त्रणमा छन्।

## समयमा करचुक्ता गरी लाभ लिन सकिन्छ -भण्डारी

प्रस, निजगढ, २० फागुन/

आर्थिक विधेयक २०७७ ले प्रदान व्यवसायीहरूले आन्तरिक राजस्व कार्यालयमा जाँदा कर्मचारीहरूको मुलुक सञ्चालन हुने भएकोले समयमैं राज्यलाई कर तिर्न उनले आग्रह गरे ।




तस्वीरः प्रतीक

गरेको छुट सुविधासम्बन्धी अन्तर्क्रिया निजगढमा बिहीवार सम्पन्न भयो । कार्यक्रममा आन्तरिक राजस्व कार्यालय सिमरा बाराका प्रमुख नारायणप्रसाद भण्डारीले उद्योगी–व्यवसायीलाई राज्यबाट नै कर छुट आएकोले तोकिएकै समयसीमाभित्र करचुक्ता गरी लाभ लिन आग्रह गरे ।

कार्यक्रममा सहभागी उद्योगी–व्यवहार मैत्रीपूर्ण नहुने, प्रक्रिया झन्झटिलो बनाउने जस्ता अनावश्यक दुःख दिने गरेकाले कर तिर्न जाँदा पनि पीडाबोध हुने वातावरण अहिले पनि कायमै रहेको खुलेरै पीडा पोखे । कार्यक्रमका प्रमुख अतिथि निजगढका प्रमुख सुरेशकुमार खनालले कर तिर्न आउने उद्योगी–व्यवसायीहरूलाई मैत्रीपूर्ण व्यवहार गर्न आग्रह गर्दै जनताले तिरेको करबाट नै

कार्यक्रममा विशिष्ट अतिथि निजगढकी उपप्रमुख लीलादेवी लामिछानेले सबै उद्योगी–व्यवसायीलाई करको बारेमा जानकारी नहुने हुँदा बेलाबखत तालीमको व्यवस्था र सेवाग्राहीहरूले नबुझेका कुरालाई सहज ढङ्गले बुझाउँदै बेलैमा राज्यलाई कर तिर्नुपर्छ भन्ने वातावरण सिर्जना गर्नुपर्ने


(बाँकी पाँचौं पातामा)


## वन कर्मचारीहरूमाथि आक्रमण गर्ने जेल चलान

प्रस, निजगढ, २० फागुन/

एक महीनाअघि बाराको करैयामाई गाउँपालिका–७ प्रिपामा वन सुरक्षाकर्मीहरूमाथि सामूहिकरूपमा गरेको आक्रमणको घटनामा संलग्न सोही गाउँपालिका–७ का बलिराम दास थारू पुर्पक्षको लागि जेल चलान भएका छन्।

सालको गोलिया चोरी गरी बस्ती आसपासको स्थानमा लुकाएको सुराकी दिएर फरेस्टर जयप्रकाश साह, सशस्त्र वनरक्षक जमदार नवलकिशोर साह, सशस्त्र वनरक्षक मानबहादुर श्रेष्ठ, वनरक्षक नवीन चौधरीमाथि माघ १९ गते राति योजनाबद्ध तरीकाबाट आक्रमण गरिएको थियो। सो आक्रमणमा घाइते भएकामध्ये साह, श्रेष्ठ र चौधरी अहिलेसम्म पूर्णरूपमा स्वस्थ भएका छैनन्। उनीहरूको उपचार भइरहेको डिभिजन वन कार्यालय बाराले जनाएको छ ।

सो घटनाका घाइते सशस्त्र वनरक्षकले अभियुक्त बलिरामलाई सोही बखत नियन्त्रणमा लिन सफल भएका थिए । अभियुक्त बलिराममाथि बारा प्रहरीले अनुसन्धान गरी मुद्दा दायर गरेसँगै बारा जिल्ला अदालतले फागुन १८ गते पुर्पक्षका लागि जेल चलानको आदेश दिएको र उनलाई वीरगंज कारागार चलान गरिएको डिभिजन वन कार्यालय बाराले जनाएको छ ।

सो घटनामा संलग्न थप तीनजनामाथि कर्तव्य ज्यान मुद्दालगायतको किटानी जाहेरी डिभिजन वन कार्यालय बाराले बारा जिल्ला अदालतमा दिएको थियो । सो घटनामा संलग्न भएका २० जनाभन्दा


(बाँकी पाँचौं पातामा)





यो ज्योतिर्मयी रश्मि सम्पूर्ण प्राणीको ज्ञाता सूर्यदेव एवं समस्त विश्वलाई दृष्टि प्रदान गर्नको लागि विशेषरूपले प्रकाशित हुन्छ ।

-विचारसार र सूक्तिहरू


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# वन र विनाश

वनजङ्गल मानवजीवनको लागि नभई नहुने कुरा हो । मानव जन्मेदेखि मृत्युपर्यन्त वनजङ्गल चाहिन्छ । घर बनाउन, आगो बाल्न वा फर्निचरका विभिन्न सामग्री बनाउन त मानिसले वनजङ्गलको प्रयोग गरेकै छ । मानवजीवनको लागि नभई नहुने आक्सिजन पनि वनजङ्गल तथा बोटबिरुवाबाट नै प्राप्त हुने हो । वन सम्पदामा जङ्गलछेउका मानिसको मात्रै होइन कि संसारमा जति पनि प्राणी छन्, ती सबैको अधिकार बराबर छ । संसारमा प्रकृतिले दिएका सम्पदा धेरै छन् । जस्तै नदी, ताल, समुद्र, मरुभूमि, खोला, झर्ना, हिम शृङ्खला, वनजङ्गल, ज्वालामुखी, विभिन्न खानी आदि इत्यादि । यी सम्पदाहरूले कुनै न कुनै रूपमा मानवलाई जोखिमका साथै फाइदा पुऱ्याइरहेका हुन्छन् । यसमध्ये कम जोखिम तर धेरै फाइदा लिन सक्ने क्षेत्र वनजङ्गल नै हो ।

यसबाट फाइदा टाढाकाले भन्दा नजीककाले नै बढी उठाइरहेका हुन्छन् । वनजङ्गल आसपासका क्षेत्रमा अन्यत्रभन्दा पर्यावरण सन्तुलन रहन्छ । वर्षामा पानी पर्ने, मुहान सुरक्षित हुनुका साथै भूमिगत पानीका स्रोतहरू तयार हुन्छन् । त्यसैगरी, भूक्षय नियन्त्रण एवं खेतीयोग्य भूमिलाई उर्वरा बनाइ कृषि उत्पादनमा बढोत्तरी गर्छ । जहाँ वनजङ्गल त्यहाँ पर्यटन प्रवर्धनको पर्याप्त सम्भावना रहने भएकोले स्थानीयस्तरको आर्थिक उन्नतिमा टेवा पुग्छ । त्यसैगरी, जङ्गल क्षेत्र जडीबुटी उत्पादन एवं खोज अनुसन्धान स्थल पनि हो । यसले स्थानीयस्तरको पहिचान साथै स्वरोजगार सृजना गर्छ । त्यति मात्रै होइन, वनजङ्गलबाट काठ, पात, घाँस, दाउरा पाउने पनि नजीकका बासिन्दा नै हुन् । जङ्गलभन्दा टाढा रहेर पनि वातावरण प्रदूषण बढाउने उद्यम एवं क्रियाकलाप गरेबापत शुल्क तिर्नेहरूले तिरेको पैसा रेड प्लस अर्थात् कार्बन उत्सर्जनको नाममा आज वनजङ्गल क्षेत्रका बासिन्दाहरूकै लागि खर्च भइरहेको छ । हाम्रो मुलुकमा पनि वनजङ्गल क्षेत्रका बासिन्दाहरूको चौतर्फी विकासका लागि नेपाल सरकार र विभिन्न दातृ निकायहरूले काम गरिरहेका छन् । फाइदा लिन नसक्नु स्थानीयको अचेतनपन र सम्बन्धित जनप्रतिनिधिहरूको कमजोरी हो । वनक्षेत्रका बासिन्दालाई जोखिम जङ्गली जनावरबाट मात्रै छ । सुरक्षाका मापदण्ड अपनाउन नसक्दा वा होशियारी पुऱ्याउन नसक्दा यस्ता घटना धेरै भएका छन् । फेरि पनि यो अन्य प्राकृतिक सम्पदाहरूभन्दा कम जोखिम छ ।

यो लाभकारी प्राकृतिक सम्पदा वनजङ्गललाई बुझ्न सक्ने हो भने आसपासकै बासिन्दाले जोगाउनुपर्ने हो । तर यहाँ त उल्टो भइरहेको छ । आबादीको सीमा विस्तार गर्न जङ्गल अतिक्रमण गर्ने, दाउरा, घाँसको नाममा हरियो रूख फँडानी गरेर नाश पार्ने, बहुमूल्य रूखहरू अवैधरूपमा चोरी कटानी र तस्करी गर्ने, डढेलो लगाएर वनविनाश गर्नेलगायतका कार्य वनजङ्गल छेउछाउका बासिन्दाले नै बढी गरिरहेका छन् । पर्सा, बाराको क्षेत्रमा पनि यही अवस्था छ । यहाँ वन जोगाउनका लागि डिभिजन वन, निकुञ्ज, सेना, प्रहरी, स्थानीय वन समूह, समिति रहे तापनि वनविनाशको क्रम रोकिएको छैन । घरभित्रै चोर सदस्य छ भने घरमूलीले जति नै प्रयास गरे पनि उपाय लाग्दैन । अपनाइएको रोकथामका उपायहरूबारे भित्रका सदस्यले बाहिर आफ्नो गिरोहलाई जानकारी गराउने हुँदा ती प्रयासहरू असफल हुन्छन् । यसर्थ पहिले भित्रकालाई चेतना दिनु र चोर पत्ता लगाएर कडा कारबाई गर्नु जरुरी छ ।

# झन् अन्योलता

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**प्रधानमन्त्री ओली बहुमत साबित गर्न सफल नभएमा पुनः मध्यावधि चुनाव सिफारिश गर्ने निश्चित छ तर प्रचण्ड–माधव समूहले १३८ को सङ्ख्या हासिल गर्न नेपाली काङ्ग्रेसको ६३ जना सांसदको समर्थन हासिल गर्न आवश्यक हुनेछ । तर यसको निम्ति नेपाली काङ्ग्रेसका कतिपय शर्त मान्न तयार हुनुपर्नेछ ।**

सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा फैसला सुनाएपछि देशको राजनीति पुरानै अवस्थामा फर्केको छ । सत्ताधारी नेकपाका अध्यक्ष एवं देशका प्रधानमन्त्री केपीशर्मा ओली फेरि दुई तिहाइ बहुमतको प्रधानमन्त्री बन्न पुगेका छन् । सरकारविरोधी नेकपा दत्तचित्त भएर लागिपऱ्यो र नेपाली काङ्ग्रेस तथा जनता समाजवादी पार्टीले इमानदारीपूर्वक उसलाई सहयोग गऱ्यो भने वैकल्पिक सरकार अस्तित्वमा आउनेछ । अन्यथा थप दुई वर्ष देशको राजनीति प्रधानमन्त्री ओलीकै इच्छा अनुसार अगाडि बढ्ने निश्चित छ । दुई महीना लामो म्यादी आन्दोलन सकिएको छ । आन्दोलनमा अतिथिपात्रको भूमिका निर्वाह गरेको नेपाली काङ्ग्रेस एवं जसपा नेपाल आआफ्नो पुरानै दरबन्दीमा फर्केका छन् । यस आन्दोलनमा पनि गरीबी, बेरोजगारी, महँगी, देशको खस्किंदो आर्थिक अवस्था, भ्रष्टाचार, अत्यधिक करलाई फिर्ता गर्ने, सीमानाका सुचारु हुनुपर्ने, परराष्ट्र सम्बन्ध सुदृढ हुनुपर्नेलगायतका विषय आन्दोलनका एजेन्डा थिएनन् । निर्वाचनलाई रोक्न र प्रतिनिधिसभालाई विघटन हुन दिनबाट रोक्नका निम्ति आन्दोलन गरिएको थियो । एकसूत्रीय उद्देश्य लिएर गरिएको आन्दोलन सफल भएको छ । आन्दोलनकारीहरू बधाईका पात्र छन् तर जनताका मुद्दा आन्दोलनको विषय कहिले बन्ने ? प्रतिनिधिसभा पुनर्स्थापना भएपछि पनि केपीशर्मा ओली नै देशको प्रधानमन्त्री रहनेछन् भने आन्दोलन सफल भएको कसरी मान्ने ? विगत तीन वर्षमा ओली सरकारले पहिलोपटक मात्रै असंवैधानिक काम गरेको थिएन ? तर त्यति बेला प्रश्न उठाउने काम भएन । यसपालि २७५ जनाको दुई वर्षको तलब भत्तासँगै मन्त्रीको पद पाउन सक्ने सम्भावनालाई समेत खोस्ने काम भएको कारण मात्रै म्यादी र एकसूत्रीय आन्दोलन गरिएको थियो । प्रतिनिधिसभाको पुनर्स्थापनापछि पनि धेरै प्रश्न उठ्न थालेका छन् । जसको जवाफ देश र जनतालाई चाहिएको छ । सामान्य बहुमत र दुई तिहाइ बहुमतको समर्थनलाई सम्हाल्न नसक्ने नेपालका राजनीतिक दलहरूले अल्पमतको सरकारमार्फत राजनीतिक स्थायित्व र सुशासन दिने कल्पना गर्नु बेकार हो । देशमा अन्योलता मात्र थपिएको हो ।

प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा सर्वोच्च अदालतले सुनाएको फैसलाबाट यदि सबैभन्दा बढी प्रसन्नता कुनै एउटा नेतालाई भएको छ भने ती हुन्– सत्तापक्षीय नेकपाका अध्यक्ष केपीशर्मा ओली । प्रतिनिधिसभाको पुनर्स्थापना हुने बित्तिकै उनी दुई तिहाइ बहुमतप्राप्त सरकारका प्रधानमन्त्री बन्न गएका छन् । सत्ताविरोधी नेकपाका नेताद्वय प्रचण्ड र माधव नेपालको युगल जोडीको कसरत अहिले पनि जारी छ । अविश्वास प्रस्ताव पारित गराउनु, संसदीय दलको नयाँ नेताको चुनाव गर्नु, साठी प्रतिशत सांसद आफ्नो पक्षमा पार्नु र अविश्वास प्रस्ताव पारित गराउन नेपाली काङ्ग्रेस र जसपाका नेताको समर्थन जुटाउनु सहज कार्य होइन । वर्तमान अवस्थामा पनि सत्तापक्षीय नेकपाका नेताबाहेक आन्दोलनकारी नेताको हातमा शून्य नै आएको छ । कथङ्कदाचित् अविश्वास प्रस्ताव पारित भयो भन्ने मात्रै प्रचण्ड–माधव पक्षीय नेकपाले सञ्जीवनी बुटी प्राप्त गरेको मानिनेछ । असंवैधानिक तरीकाले प्रतिनिधिसभा विघटन गरी नयाँ निर्वाचनको मिति तोकी आफ्नो राजनीतिक दाउ खेलेका प्रधानमन्त्री ओलीले विगत तीन महीनामा जेजति आलोचना झेलेका थिए र लोकप्रियता गुमाएका थिए, त्यसलाई पुनः हासिल गर्ने प्रयास गर्नेछन् ।

प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा आदेश दिएर सर्वोच्च अदालतको गरिमा र न्यायपालिकाको सर्वोच्चता पुनर्स्थापना भएको छ । लोकतन्त्रको संस्थागत विकासको निम्ति सर्वोच्च अदालतको भूमिका महत्त्वपूर्ण मानिन्छ । सर्वोच्च अदालतले आफ्नो काम गरिसकेको छ । न्यायाधीशहरूले पनि आफ्नो विश्वसनीयता कायम राख्न सफल भएका छन् तर संसदीय व्यवस्थालाई बलियो बनाउन तथा संसद्को गरिमा कायम राख्न अब हाम्रा सांसदहरूले नै केही ठोस काम गरेर देखाउन आवश्यक छ । अविश्वास प्रस्ताव पारित गर्न सकिएन र वैकल्पिक सरकार दिन सकिएन भने प्रधानमन्त्री ओलीको लोकप्रियतामा ठूलो वृद्धि हुनेछ र उनी एक्लै नै नेपाली काङ्ग्रेससहित जनता समाजवादी पार्टीलाई पनि चुनौती दिन सक्षम हुनेछन् । वर्तमान अवस्थामा प्रचण्ड–माधव समूहको काँधमा जिम्मेवारी झन् थपिएको छ । अविश्वास प्रस्ताव पारित गराइ वैकल्पिक सरकार दिए मात्र दुई महीना लामो आन्दोलनको सार्थकता सिद्ध हुनेछ । आन्दोलनमा अतिथिको भूमिका निर्वाह गरेका दलहरूले पनि अविश्वास प्रस्ताव पारित गराइ वैकल्पिक सरकार दिन नसके भविष्यमा ओलीसित मुकाबिला गर्न सक्नेछैनन् । परिस्थिति अहिले पनि जटिल नै छ । अन्योलता थपिएको छ ।

प्रधानमन्त्री केपीशर्मा ओली नेतृत्वको सरकारले अध्यादेश नल्याएसम्म पार्टी विभाजन सम्भव छैन । राजनीतिक दलसम्बन्धी कानूनको दफा ३३ उपदफा २ मा कुनै दलको केन्द्रीय समिति र सङ्घीय संसद्मा संसदीय दलका कम्तीमा ४० प्रतिशत सदस्यले छुट्टै नयाँ दल बनाएमा वा अर्को कुनै दलमा प्रवेश गरेमा वा त्यस्ता सदस्यहरूसमेत भई नयाँ दल गठन गरेमा त्यस्तो संसदीय दलका सदस्यले दल त्याग गरेको मानिनेछैन ।

उपदफा ३ मा यस दफामा अन्यत्र जे कुरा लेखिए पनि उपदफा (२) बमोजिम गठन भएको दल निर्वाचन आयोगबाट मान्यता पाएको मितिबाट पाँच वर्षसम्म व्यस्त दलबाट छुट्टिई अर्को दल गठन हुन सक्नेछैन ।

प्रतिनिधिसभा पुनर्स्थापना भइसकेपछि अब सत्ताधारी नेकपाको आधिकारिता आफूसित भएको दाबी गर्ने पक्षले ६० प्रतिशतभन्दा बढी केन्द्रीय समिति सदस्य तथा सांसद आफूहरूसित भएको दाबी प्रमाणित गर्नु आवश्यक हुनेछ । कथङ्कदाचित् प्रचण्ड–माधव पक्षले ६० प्रतिशतको सङ्ख्या साबित गर्न सकेनन् भने पार्टी विभाजनको निम्ति अगाडि बढ्नुको विकल्प छैन । तर नयाँ पार्टी गठन गर्ने सवालमा नेकपाकै सांसदहरू पनि (खासगरी पूर्वएमाले) प्रचण्ड–माधव समूहलाई सहयोग र समर्थन गर्ने सम्भावना कमै देखिन्छ ।

अविश्वास प्रस्ताव पारित गराउन प्रचण्ड–माधव समूहलाई झन् फलामको च्युरा चपाउनुपर्नेछ । वर्तमान अवस्थामा प्रतिनिधिसभामा २७४ जना सांसद छन् । सरकार गठनको निम्ति र त्योभन्दा पूर्व अविश्वास प्रस्ताव पारित गराउन पनि ५१ प्रतिशत सांसदको सङ्ख्या अपरिहार्य हुनेछ । वर्तमान अवस्थामा दुवै पक्षले आफूहरूसँग ८८ जना सांसदको समर्थन रहेको दाबी गर्दै आएका छन् । प्रधानमन्त्री ओली बहुमत साबित गर्न सफल नभएमा पुनः मध्यावधि चुनाव सिफारिश गर्ने निश्चित छ तर प्रचण्ड–माधव समूहले १३८ को सङ्ख्या हासिल गर्न नेपाली काङ्ग्रेसको ६३ जना सांसदको समर्थन हासिल गर्न आवश्यक हुनेछ । तर यसको निम्ति नेपाली काङ्ग्रेसका कतिपय शर्त मान्न तयार हुनुपर्नेछ ।

# प्रस्तावित चलचित्र पत्रकार सङ्घ गठन

प्रस, वीरगंज, २० फागुन/

वीरगंजमा प्रस्तावित चलचित्र




पत्रकार सङ्घ पर्सा गठन गरिएको छ । बिहीवार भएको भेलाले नीलिमा पौडेलको अध्यक्षतामा प्रस्तावित चलचित्र पत्रकार सङ्घ गठन गरेको हो ।

नवगठित सङ्घमा विवेक कर्ण उपाध्यक्ष, सूर्य विक सचिव, प्रणय साह सहसचिव, समिना रञ्जीतकार कोषाध्यक्ष र सदस्यहरूमा रश्मि राजभण्डारी, सोनम गौतम, जया साह, रञ्जीत यादव, एन्जल चौधरी, शम्भु सुमन छन् ।

केन्द्रीय महासचिव समीर बलामीको उपस्थितिमा १०औं शाखाको रूपमा प्रस्तावित चलचित्र पत्रकार सङ्घ पर्सा गठन भएको हो ।

कार्यक्रमका प्रमुख अतिथि चलचित्र पत्रकार सङ्घका महासचिव बलामीले वीरगंजमा नेपाली चलचित्रको बजार न्यून रहेको बताए । उनले नवगठित समितिले नेपाली चलचित्रको बजार वीरगंजमा बढाउन सघाउने विश्वास व्यक्त गरे । आर्थिक एवं व्यापारिक नगरी वीरगंजमा चलचित्र बजारको सम्भावना भएपनि राज्यबाट उपेक्षा गरिएको आरोप लगाए ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष श्याम बन्जारा, उपाध्यक्ष अनुप तिवारी, होटल तथा पर्यटन व्यवसायी सङ्घका अध्यक्ष हरि पन्त, प्रेस सङ्गठनका अध्यक्ष नीरज पिठाकोठे मगरलगायतले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा स्वागत नवराज फुयाँलले गरेका थिए ।

# ८ किलो गाँजासहित दुईजना पक्राउ

प्रस, महोत्तरी, २० फागुन/

लागूपदार्थ गाँजासहित दुईजना सर्लाहीबाट पक्राउ परेका छन् । प्रहरीको गस्ती टोलीले चेकजाँच गर्ने क्रममा लालबन्दी नगरपालिका–१३ पानी ट्याङ्कीस्थित लखनदेही खोलानजीकबाट उनीहरूलाई गाँजासहित पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा महोत्तरीको पिपरा गाउँपालिका–३ का २८ वर्षीय रामाश्रे यादव र १९ वर्षीय चन्दन महतो छन् । प्रदेश २–०२–००१ प ९८८८ नम्बरको मोटरसाइकलमा सवार रामाश्रेले बोकेको झोलाबाट ५ किलो र चन्दनले बोकेको झोलाबाट ३ किलो गरी ८ किलो गाँजा बरामद भएको सर्लाही प्रहरीका प्रवक्ता मदन कुँवरले जानकारी दिए ।

# ओली फुफकारको असली कारण

पाठक प्रतिक्रिया

१९ गते प्रतीकमा विनोद गुप्ताको लेख 'बल्झेको नेपाली राजनीति' पढेर निष्कर्ष यही निकालें कि हलो अब निर्वाचन आयोगले अड्काएको छ । अदालतले सर्पको विषदन्त निकालिदिए पनि उसको फुफकार्ने शक्ति क्षीण भएको छैन । अब त्यो शक्ति निर्वाचन आयोगबाट आइरहेको छ । जीवेम शरदः शतम्मा लेखले बेसारको प्रयोग बिच्छुको डङ्कमा गरिन्छ भनेको त छ तर सर्पको दंशमा हुन्छ वा हुँदैन बताएको छैन । ओलीले त त्यसलाई कोरोनासम्ममा प्रयोग गरेको सबैलाई थाहा छ । आज उनैलाई राजनीतिक कोरोना लागिसकेको छ । हेर्नु यो छ कि उनको बेसार बनेको निर्वाचन आयोगले काम दिन्छ वा दिंदैन ? सम्पादकज्यूले दुवै पक्षलाई जनतामा भ्रम छर्ने प्रयास गरेको आरोप लगाउँदै वास्तवमा संविधानमा कुनै भ्रम नै छैन भनेका छन् । तर भ्रम छैन भनेर कसरी नभन्नु ? दलसम्बन्धी भ्रम सफा नभएसम्म त सबै भ्रममैं परिहाल्छन् नि । त्यो भ्रम पनि निर्वाचन आयोग आफैं बनेर बसिदिएको छ । त्यसको छिनोफानो पनि अदालतको हातमा नै छ, जसको फैसला भोलि आउँदै छ । अतः घुमीफिरी अदालतको रुम्जाटारको नै भरोसा छ । लेखकले काङ्ग्रेसलाई दिएको चेतावनी सही छ । यदि देउवाले प्रचण्डसित रिस साँध्ने नाममा वा कुनै शक्तिको लहलहैमा लागेर ओलीसँग सहकार्य गरे भने उनले आफ्नै खुट्टामा बन्चरो हान्नेछन् । सभामुखले कुन अधिकारले निकास दिनेछन् ? जानकारी भएन । त्यसको पनि प्रयोग गर्नुपर्ने हुन्छ । कसै गरी पनि जनतालाई ओलीसित छुटकारा चाहियो । तर जुन शक्तिले ओलीलाई सहयोग गरिरहेको छ, ती सबै नहार्ने र हारे पनि फेरि उदाएको जनताले हेर्दै आएको छ । खुलस्त भनौं भने त्यो शक्ति यहाँको स्थायी सत्ता र त्यसलाई टेवा दिने विदेशी शक्ति हुन् । जरुरत त्यस शक्तिलाई हराउनुको छ । त्यसैको मतियार ओली बनेका छन् । त्यसै बलले ओली फुफकार्दै यहाँसम्म पुगेका छन् । जबसम्म त्यो शक्ति हार्दैन, कुनै सभामुखले प्रिय अप्रिय जे भएपनि देशले असली निकास पाउनेछैन । अतः त्यस शक्तिलाई हराउनमा लागौं ।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## बेरोजगारीको लागि हाम्रो शिक्षा नीति दोषी छ

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**हामीले हाम्रो शिक्षा नीतिमा व्यापक सुधार ल्याउन आवश्यक छ। विश्वविद्यालय तथा कलेजहरूका विद्यार्थीहरू कुनै राजनीतिक दलको निकट हुने संस्कृतिको अन्त्य गर्न आवश्यक छ। कलेजहरूलाई रोजगार वृद्धि गर्ने स्रोतको रूपमा विकास गर्न आवश्यक छ।**

हाम्रो समाज, परम्परा र संस्कृतिले श्रमलाई इज्जत दिँदैन। कामलाई पनि सानो र ठूलो भनेर विभेद गर्छ। कुर्सीमाथि बसेर गरिने कामलाई ठूलो मान्दछ र त्यो कामलाई इज्जत दिन्छ। प्रत्यक्षरूपमा शारीरिक श्रम खर्च गरेर गरिने र समाजले तल्लो किसिमको काम भनेर वर्गीकृत गरेको कामलाई सानो काम मान्ने गर्छ र त्यस्तो कार्य गर्नेलाई पट्टकै इज्जत दिँदैन। "पढ्नु गुड्नु साढे बाइस, हलो जोती नाम कमाइस," यो धारणा हाम्रो समाजमा अहिले पनि व्याप्त छ। सबैको पेट भर्ने जस्तो महान् कार्य गर्ने, हलो जोत्ने कार्य गर्नेलाई हाम्रो समाजले अहिले पनि इज्जत दिँदैन। हलो जोत्नुलाई तुच्छ कार्य मान्दछ।

कामलाई हेर्ने सामाजिक दृष्टिकोण अनुसार कुनै कामलाई सानो मानिएको छ भने त्यस किसिमको काम गर्नेले समाजबाट इज्जत पाउँदैन तर कुनै कामलाई ठूलो मानिएको छ भने त्यस किसिमले काम गर्नेले इज्जत पाउँछ। यो कारणले गर्दा जहिले पनि व्यक्तिहरू ठूलो र इज्जतदार कहलिएको काम गर्न इच्छुक हुन्छन् तर रोजगारको प्रशस्त सम्भावना भए तापनि तल्लो कहलिएको काम गर्न तयार हुँदैनन्। बरु बेरोजगार बस्न तयार हुन्छन् तर सानो कहलिएको काम गर्न तयार हुँदैनन्। यदि नेपालमा रोजगार पट्कै नहुँदो हो भने भारतबाट ठूलो सङ्ख्यामा आएका व्यक्तिहरूले नेपालमा रोजगार पाउने प्रश्न नै उठ्ने थिएन। यस प्रकार नेपालमा ऐच्छिक बेरोजगारी पनि ठूलो समस्याको रूपमा रहेको छ। अर्थात् आफूले चाहे अनुसारको काम नपाएकोले र सानो कहलिएको कार्य नगरेकोले पनि नेपालमा बेरोजगारीको स्थिति देखिएको हो।

नेपालमा बेरोजगारी वृद्धि गर्नमा प्रचलित शिक्षा पद्धति पनि उत्तिकै दोषी छ। नेपालका विश्वविद्यालय, कलेज र विद्यालयहरू पनि उत्तिकै दोषी छन्। यी शैक्षिक संस्थाहरूले रोजगार वृद्धि गर्नमा कुनै पनि किसिमका भूमिका खेलेका छैनन्। रोजगार वृद्धि गर्नु आफूहरूको दायित्व हो भन्ने कुरा बुझेका छैनन् र आफूलाई केवल कोरा तथा सैद्धान्तिक शिक्षा दिने संस्थाहरूको रूपमा सीमित पारेका छन्। हाम्रा विद्यालयहरू प्राचीनकालका गुरुकुल जस्ता छन्। ज्ञान दिन्छन् तर रोजगार पाउने बाटो देखाउँदैनन्।

सबै शिक्षा केवल ज्ञानका लागि हुन आवश्यक छैन। केही शिक्षा रोजगार पाउन सजिलो पारिदिने किसिमको पनि हुनुपर्छ। त्यति मात्र होइन शिक्षा त्यस्तो हुनुपर्छ, जसले व्यक्तिलाई स्वरोजगार हुन सहयोग पुऱ्याओस्। व्यक्तिले पाएको शिक्षाले उसलाई स्वयंले रोजगार सृजना गर्न सिकाओस्। रोजगार पाउन सजिलो पारिदेओस्। यो आधुनिक व्यापारिक युगमा रोजगारविना कुनै पनि व्यक्ति बाँच्न सक्तैन। रोजगार जीवनको महत्त्वपूर्ण तत्त्व हुन पुगेको छ।

शिक्षाले स्वरोजगार हुन सिकाउने मात्र होइन शिक्षाले नयाँ–नयाँ किसिमका व्यापारहरू सृजना गर्न पनि सिकाउनुपर्छ। विज्ञान र प्रविधिको निरन्तर विकाससँगै नयाँ–नयाँ किसिमका व्यापारका अवसरहरूको पनि विकास भइरहेका हुन्छन्। त्यस किसिमका नयाँ–नयाँ व्यापारका अवसरहरूको पहिचान गर्न र व्यापार सञ्चालन गर्न प्राप्त शिक्षाले व्यक्तिलाई सहयोग पुऱ्याउनुपर्दछ। उदाहरणको लागि अहिले बजारमा इलेक्ट्रोनिक सामानको ठूलो प्रभाव एवं आपूर्ति छ। कम्प्युटर, मोबाइल, आइपैड बजारमा ठूलो सङ्ख्यामा देख्न सकिन्छ। यस्ता इलेक्ट्रोनिक डिभाइसको बजारमा ठूलो सङ्ख्यामा उपस्थिति भएको कारणले ती डिभाइसहरू बिग्रेमा बनाउने नयाँ व्यापारिक अवसरको सृजना पनि भएको छ।

यसरी प्रत्येक दिन विज्ञान एवं प्रविधिमा विकास भएसँगै नयाँ–नयाँ किसिमका व्यापार गर्न सकिने अवसरको पनि विकास भइरहेको हुन्छ। तर हाम्रो शिक्षा पद्धतिले त्यस किसिमका व्यापारका अवसरहरूको पहिचान गर्न आफ्ना विद्यार्थीहरूलाई सघाउन सक्तैन र पुरातन किसिमले, परम्परागतरूपमा गरिरहेको काम गर्न प्रेरित गर्छ। नयाँ–नयाँ व्यापारको खोजी गर्न सीप र ज्ञान दिन सक्तैन।

हाम्रो शिक्षा पद्धतिले सरकारी जागीर गर्न प्रेरित गर्छ। सरकारी जागीरमा ज्यादै इज्जत रहेको अनुभव गराउँछ। यो कारणले गर्दा पनि कुनै सरकारी पदको लागि आवेदन माग गर्दा रिक्त स्थान पचास छ भने पचास हजार निवेदन उक्त रिक्त पदका लागि पर्न आउँछ। हाम्रो शिक्षा पद्धतिले रोजगार सृजना गर्न सहयोग पुऱ्याउने भइदिएको भए, यस्तो स्थिति हुने थिएन। अमेरिका तथा युरोपका देशहरूमा विद्यालय एवं विश्वविद्यालयहरूले विद्यार्थीहरूलाई स्वरोजगार हुन सिकाउने मात्र होइन नयाँ–नयाँ व्यापार सृजना गर्ने ज्ञान पनि दिन्छन्। अमेरिका र युरोपका कलेजहरूमा राजनीति हुँदैन। न त विद्यार्थीहरूले कुनै दलको झन्डा नै बोकेका हुन्छन्।

हाम्रो शिक्षा नीति तथा सामाजिक एवं राजनीतिक वातावरणले गर्दा नेपालका सरकारी कलेजहरू राजनीति गर्ने थलो बनेका छन्। नेता उत्पादन गर्ने कारखाना बनेका छन्। कार्यकर्ता उत्पादन गर्ने कारखाना बनेका छन्। कस्तो विडम्बना ! कलेजहरू रोजगार सृजना गर्ने स्रोतको रूपमा हुनुपर्नेमा उल्टो नेता तथा कार्यकर्ता उत्पादन गर्ने कारखाना हुन पुगेका छन्। नेपालका सरकारी कलेजहरूमा अति नै राजनीति हुन्छ। कलेजहरूमा विद्यार्थी मात्र होइन, शिक्षकहरूले पनि सक्रिय राजनीति गर्छन् र कुनै खास दलको झन्डा बोक्छन्।

अहिले कलेजहरू नेताहरूको कार्यकर्ता उत्पादन गर्ने थलो हुन पुगेका छन्।

नेपालका कलेजहरूमा "रोजगार मेला" (Job Fair), वृत्ति मेला (Career Fair), अनुसन्धान वा आविष्कार मेला भएको विरलै हेर्न वा सुन्न पाइन्छ। तर विकसित देशहरूमा कलेजहरूले आफ्नो स्थलमा रोजगारदाताहरूलाई आमन्त्रित गरेर आफ्ना विद्यार्थी र रोजगारदाताबीच सम्पर्क गराउँछन्। यसरी कलेजहरूले विद्यार्थीहरूलाई रोजगार खोज्न र रोजगारी हुन सहयोग पुऱ्याउँछन्। व्यापारिक एवं वैज्ञानिक महत्त्वका नयाँ–नयाँ आविष्कार गर्न कलेजहरूले विद्यार्थीहरूलाई उत्प्रेरित गर्छन्। यो कार्य गर्नका लागि आविष्कार वा अनुसन्धान मेलाको आयोजना गर्छन्। विद्यार्थीहरूलाई रचनात्मक हुन उत्प्रेरित गर्छन्।

यतिमात्र होइन, कलेजहरूले राष्ट्रिय रोजगारको स्थितिमाथि निरन्तर दृष्टि राखेका हुन्छन् र कुन विषय पढ्दा सजिलै र राम्रो आम्दानी हुने जागीर पाउन सकिन्छ, त्यसबारेमा आफ्ना विद्यार्थीहरूलाई सल्लाह दिन्छन्। अर्थात् कलेजहरूले रोजगार बजारको नियमित किसिमले अनुगमन गर्छन्। कलेजहरूले आफूकहाँबाट दीक्षित भएर जानेहरूले छिटो रोजगार पाऊन् भन्ने उद्देश्य राखेका हुन्छन्। त्यसै अनुसार जागीर पाउन सजिलो होस् भन्ने किसिमको पाठ्यक्रम तयार पारेका हुन्छन्। समग्रमा भन्ने हो भने विकसित देशको शिक्षा नीतिले रोजगारलाई माथिल्लो प्राथमिकतामा राखेको हुन्छ। अत्यधिक महत्त्व दिएको हुन्छ।

मुलुकमा बेरोजगारी वृद्धि गर्नमा हाम्रो सामाजिक वातावरणको भूमिका पनि कम छैन। नेपालमा हुँदा कुनै एक व्यक्तिले पिएचडी गरिरहेको छ भने उसले कुनै होटलमा 'वेटर'को काम गर्नु उक्त व्यक्तिको लागि ठूलो बेइज्जतीको विषय हुन पुग्छ। त्यस कारण उसले आम्दानी गुमाएर भएपनि वेटरको काम गर्दैन। तर उही व्यक्ति यदि अमेरिका आएको छ भने उसले त्यो वेटरको काम खुशीका साथ गर्छ। आफ्नो इज्जत गएको महसूस पनि गर्दैन। किनभने अमेरिकामा कसले के काम गरिरहेको छ भनेर कसैले चासो राख्दैन। अमेरिकी समाजले कामलाई विभेदी नजरले हेर्दैन पनि। हरेक कामको लागि समान इज्जत छ, अमेरिकी समाजमा।

हामीलाई हाम्रो शिक्षा नीति, सोच, व्यवहार आदिले नै गरीब तुल्याएको हो। हामीले हाम्रो पुरातन सोचमा परिवर्तन नल्याएसम्म गरीबीको कुचक्रबाट हामीले मुक्ति पाउन सम्भव छैन।

नेपालमा राजनीति बढी हुनु, विद्यार्थीहरू चाहिनेभन्दा बढी राजनीतिमा सक्रिय हुनु, कलेजहरू राजनीतिक दलका कार्यकर्ताहरूको सम्पर्क कार्यालय हुनु, शिक्षकहरू पनि राजनीतिमा लाग्नु जस्ता समस्याहरू हाम्रो शिक्षा नीति एवं सामाजिक वातावरणको कारणले गर्दा उत्पन्न भएका हुन्। र यी कुराहरू आर्थिक विकासका बाधक हुन्।

हामीले हाम्रो शिक्षा नीतिमा व्यापक सुधार ल्याउन आवश्यक छ। विश्वविद्यालय तथा कलेजहरूका विद्यार्थीहरू कुनै राजनीतिक दलको निकट हुने संस्कृतिको अन्त्य गर्न आवश्यक छ। कलेजहरूलाई रोजगार वृद्धि गर्ने स्रोतको रूपमा विकास गर्न आवश्यक छ। कामप्रतिको हाम्रो सामाजिक सोचमा परिवर्तन ल्याउन आवश्यक छ।

## सर्वोत्तम सिमेन्टको उत्कृष्ट चारमा उक्लिने सूत्र

प्रस, परवानीपुर, २० फागुन/

सौरभ समूहको बुटवलको सुनौलीमा सञ्चालित सर्वोत्तम सिमेन्ट प्रालि चालू आवको अन्त्यतिर उत्कृष्ट चार सिमेन्टको सूचीमा उक्लिने लक्ष्यका साथ अघि बढेको छ। करीब ४ अर्बको पूँजी रहेको कोइलाको खपतलाई घटाएर ग्रीन सिमेन्टको उपाधि पनि पाएको छ।" उनले उद्योगको क्लिङ्कर युनिट आफ्नै भएकोले पनि अन्य सिमेन्ट उद्योगको उत्पादनलाई प्रतिस्पर्धा दिन सफल भएको बताए। सौरभ समूहको पाल्पा र चितवनमा गरी



तस्वीर: सौजन्य

उक्त सिमेन्ट उद्योगले गत फागुन १ गतेदेखि उत्पादन दोब्बर पनि पारेको जनाएको छ। उद्योगले चालू आवमैं सिमेन्ट बिक्रीको आधारमा होङ्सी, जगदम्बा र शिवम्पछि चौथो नम्बरमा सर्वोत्तम सिमेन्ट आउने दाबी गरेको छ।

उद्योगका कारखाना प्रबन्धक सुवास पाण्डेका अनुसार पहिले ५३ ग्रेडको दैनिक २५ सय बोरा ओपिसी र पिसिसी सिमेन्ट उत्पादन हुँदै आएकोमा फागुन १ गतेदेखि दैनिक ६० हजार बोरा अर्थात् दैनिक ३ हजार मेट्रिक टन सिमेन्ट उत्पादन थालिएको छ। गत आवमा उत्कृष्ट दशभित्र पनि नपरेको सो सिमेन्ट कम्पनीको व्यवस्थापन पक्ष बलियो भएकोले आक्रामक बजार नीतिले तीव्र उदाउँदो कम्पनीको रूपमा उदाएको छ। चालू आवमा एक करोड ५ लाख बोरा सिमेन्ट उत्पादन गर्ने लक्ष्य रहेको बताउँदै कारखाना प्रबन्धक पाण्डेले पाँचवटा सूत्रले गर्दा कम्पनीको आर्थिक अवस्था सबल बन्दै राम्रो मुनाफा गर्दै गएको बताए।

उनले भने, "सबैभन्दा पहिलो कुरा ग्राहकले कम मूल्यमा गुणस्तरीय सामान नै खोज्छन्, हामीले ग्राहकको दुवै चाहनालाई मध्यनजर राख्दै व्यवसाय गरिरहेका छौं, पछाडि हेर्नुपर्ने अवस्था आएको छैन।" उनले सिमेन्ट कम्पनीको सफलतामा ५ सूत्रमध्ये पहिलो गुणस्तर भएको बताए। उनका अनुसार नेपालमैं क्लिङ्कर उद्योगमा डेनमार्कको अत्याधुनिक प्रविधि भित्र्याएर सिमेन्ट उत्पादन गरिरहेकोले पनि सर्वोत्तम सिमेन्टको गुणस्तर अन्य सिमेन्टभन्दा राम्रो छ। "नेपालका ६५ वटा सिमेन्ट उद्योगमध्ये अधिकांशमा बल मिल प्रविधिबाट सिमेन्ट उत्पादन हुन्छ," उनले भने, "तर भर्टिकल रोलर मिल (भिआरएम) प्रविधि भनेको पूर्ण स्वचालित प्रविधि र यो नेपालमैं नौलो प्रविधि भएकोले यसले बिजुली र कुल आधा दर्जनभन्दा बढी ठाउँमा आफ्नै चुनढुङ्गा खानी छ। आफ्नै चुनढुङ्गा खानी भएकोले आफ्नै खानी नभएका सिमेन्ट उद्योगलाई मूल्य प्रतिस्पर्धामा पछि पार्न सकिने कम्पनीको रणनीति छ।

अहिले होङ्सी, अर्घाखाँची, मारुती, ऋद्धिसिद्धिसँग पूर्ण आवश्यकता पूर्ति गर्ने चुनढुङ्गा खानी छ भने शिवम्को लागि कुल उत्पादनको ५० प्रतिशत क्लिङ्कर खरीद गर्नुपर्छ। सर्वोत्तमको क्लिङ्कर युनिटले अहिले दैनिक ३५ सय टन क्लिङ्कर उत्पादन गरिरहेको छ भने अन्य सिमेन्ट उद्योगलाई हाई एमजी क्लिङ्कर प्रतिटन ७ हजार र लो एमजी क्लिङ्कर ७ हजार ८ सय रुपैयाँमा बिक्री गरिरहेको छ।

सर्वोत्तम सिमेन्टको मूल्य निकै प्रतिस्पर्धात्मक छ। सर्वोत्तमको ओपिसी सिमेन्ट प्रतिबोरा साढे ६ सय र पिपिसी साढे ५ सय रुपैयाँमा बजारमा उपलब्ध छ। यो मूल्यमा अन्य सिमेन्ट पाइने सम्भावना कम भएकोले पनि विक्रेताबाट बढीभन्दा बढी सर्वोत्तम सिमेन्ट नै बिक्री वितरण हुने गरेको कम्पनीको दाबी छ। कम्पनीको डिलर नेटवर्किङ पनि राम्रो छ। कम्पनीले पूर्वदेखि पश्चिमसम्म देशभरिका ६७ जिल्लामा डिलर राखेर करीब १२ सय विक्रेताबाट कारोबार गरिरहेको जनाएको छ। डिलर नेटवर्किङको कारण गत आवको तुलनामा कम्पनीको बिक्री १० प्रतिशतले वृद्धि भएको पनि कारखाना प्रबन्धक पाण्डेले बताए।

कम्पनीको अर्को सबल पक्ष चुस्त व्यवस्थापन हो। कम्पनीले पछिल्लो ६ वर्षको व्यावसायिक यात्रामा उधारो कारोबार गरेको छैन र आगामी दिनमा पनि नगर्ने रणनीति बनाएको छ। यसले अन्य सिमेन्टको वार्षिक वृद्धिदर जहाँ ४–५ प्रतिशतको हाराहारीमा छ भने सर्वोत्तमको वृद्धिदर करीब ४० प्रतिशतको

(बाँकी चौथो पातामा)

## गुणस्तरहीन भारतीय अन्डाले नेपाली बजार प्रभावित

सर्लाही, २० फागुन/रासस

खुल्ला सीमानाकाका कारण गुणस्तरहीन भारतीय अन्डा सस्तो मूल्यमा भित्रिन थालेपछि यहाँका अन्डा उत्पादक किसान मारमा परेका छन्।

भारतबाट लुकाइछिपाइ गुणस्तरहीन सेतो अन्डा यहाँका बजारमा भित्रिन थालेपछि यहाँका अन्डा उत्पादक किसान मारमा परेका हुन्। "सेतो अन्डाले बजार बिगाऱ्यो। उस्तै देखिए पनि सेतो अन्डा यहाँ उत्पादन भए जस्तो हुँदैन," अन्डा व्यवसायी सुभाष तिमल्सिनाले भने, "गुणस्तरहीन भारतीय सेतो अन्डा बजारमा छ्याप्पछ्याप्ती पाउन थालेपछि यहाँका वास्तविक किसान मारमा परेका छन्।"

भारतीय सेतो अन्डा नेपालको उत्पादनभन्दा सस्तो हुने भएकाले लुकाइछिपाइ ल्याइ नेपाली बजारमा भारतीय अन्डा बिक्री वितरण गर्ने गरेका



तस्वीर: फाइल

कारण आफूहरू मारमा परेको सर्लाहीका पोल्ट्री व्यवसायीको गुनासो छ। आफूहरूले पटक–पटक भारतीय अन्डाको आयात रोक्न माग गरे पनि स्थानीय प्रशासनले यसबारे चासो देखाएको छैन, उनीहरूको भनाइ छ।

भारतबाट भित्रिने पक्षीजन्य वस्तु नियन्त्रणका लागि आवश्यक पहल भइरहेको सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी भुमेश्वर पोखरेलले जानकारी दिए। भारतबाट भित्रिने कुखुरा, चल्ला र अन्डामा रोक लगाउन सीमा क्षेत्रमा खटिएका सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई निर्देशन दिइसकेको उनले बताए।

सर्लाहीको सीमावर्ती क्षेत्र मलङ्गवा, त्रिभुवननगर, पर्सा, सङ्ग्रामपुर, हरिपुर्वा, कौडेना, गोडैता, फूलपरासी, मधुवनगोठ, सिसौटलगायतका बजारमा भारतीय अन्डाको व्यापार फस्टाएको छ। स्वदेशी उत्पादन प्रवर्द्धनका लागि भारतबाट भित्रिने पक्षीजन्य वस्तु नियन्त्रण गर्नु आवश्यक रहेको जिल्ला समन्वय समिति सर्लाहीका सभापति मेथुर चौधरीले बताए।

## पश्चिमी वायुको प्रभावले हल्का वर्षाको सम्भावना

काठमाडौं, २० फागुन/रासस

पश्चिमी वायुको प्रभावले बिहीवार देशको पहाडी भागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्का वर्षा भएको छ।

पश्चिमी वायुको आंशिक प्रभावले देशको पहाडी भागमा आंशिकदेखि सामान्य बदली रही पहाडी भूभागको एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको मौसमविद् राजु प्रधानाङ्गले बताए। उनका अनुसार उक्त प्रणालीको प्रभाव शनिवारसम्म रहनेछ।

हाल देशको प्रदेश नं १ र गण्डकी प्रदेशका पहाडी भागमा आंशिकदेखि सामान्य बदली रहेको छ भने बाँकी प्रदेशका पहाडी भागमा आंशिक बदली रहेको छ।

दिउँसो देशको पहाडी भागमा आंशिकदेखि सामान्य बदली रहनुका साथै पहाडी भागको एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको बताइएको छ। शुक्रवार देशको पहाडी भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भागमा मौसम सामान्यतया सफा रहनेछ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम शून्य दशमलव एक डिग्री सेल्सियस रहेको छ।

# आर्थिक रुपान्तरणका लागि विपन्न वर्ग कर्जा

ग्रामीण क्षेत्रको बाहुल्यता भएको हाम्रो जस्तो विकासोन्मुख मुलुकमा चरम गरीबीको अवस्थामा रहेका आम नागरिकको आर्थिक स्तर उकास्न वित्तीय साधनको अभाव प्रमुख बाधकका रूपमा लागि विपन्न वर्गमा जाने कर्जा उपयोगी सिद्ध हुन सक्छ। त्यसैले बढ्दो बेरोजगारी र गरीबी निवारणको अभियानमा यस्ता कर्जालाई केन्द्रित गरी लक्षित वर्ग, क्षेत्र र समुदायलाई लघु उद्यम वा व्यवसाय अप्रत्यक्ष (लघुवित्त संस्था, सहकारीमार्फत)रूपमा प्रवाह गर्दै आएका छन्। विपन्न वर्गमा प्रवाहित हुने कुल ऋणमध्ये करीब ८५ प्रतिशत हिस्सा वाणिज्य बैंकको रहेको राष्ट्र बैंकले


अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com


**आर्थिक समृद्धिका लागि मुलुकको सन्तुलित विकास हुनु आवश्यक छ। यसका लागि आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग, पेशा तथा सम्भावना भएका क्षेत्रलाई सहुलियत ब्याजदरमा पूँजी उपलब्ध गराएर उनीहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउनुपर्ने हुन्छ।**

रहेको हुन्छ। त्यसमा पनि कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले लागू गरेको झन्डै ६ महीना लामो लकडाउनका कारण मुलुकको समग्र अर्थतन्त्रमा गम्भीर असर परेको छ। अधिकांश साना तथा मझौला उद्योग-व्यवसाय नराम्ररी थला परेका छन् भने कतिपय त्यस्ता उद्योग-व्यवसाय बन्द भएका छन्। उत्पादकत्व घटेको छ भने हजारौंको रोजगारसमेत गुमेको छ। लकडाउन खुकुलो भएपछि कोरोना भाइरस सङ्क्रमणको डर र अर्थतन्त्रकै भविष्यको अनिश्चयका बीच पनि बन्द रहेका व्यवसायहरू बिस्तारै खुल्ने प्रयासमा छन्। यति लामो लकडाउनका कारण विशेषगरी व्यवसाय ठप्प भएका साना तथा मझौला उद्योग-व्यवसाय लगभग फेरि उठ्नै नसक्ने गरी आर्थिक दबाबमा परेका छन्। नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार करीब साढे तीन लाख यस्ता उद्योग-व्यवसाय बन्द भइसकेका छन्। त्यस्ता उद्योग-व्यवसाय पुनः सञ्चालनका लागि थप नयाँ लगानीको आवश्यकता पर्छ। नभए तीमध्ये अत्यन्त थोरै मात्र फेरि खुल्न सक्नेछन्।

मुलुकमा उत्पादन तथा रोजगारको अवस्था सुधार गर्न, वैदेशिक रोजगारलाई स्वदेशकै अवसरले प्रतिस्थापन गर्न, महिला, दलित, विपन्न र सीमान्तकृत समुदायको जीवनस्तर उकास्न सरकारले विपन्न वर्ग कर्जासम्बन्धी नीतिगत व्यवस्था गरिसकेको छ। तर यसको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन। मुलुकको आर्थिक, सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउनका लागि विपन्न वर्ग कर्जाको प्रभावकारी कार्यान्वयनमा सरकारको ध्यान जानु आवश्यक छ। प्राकृतिक स्रोत साधनले सम्पन्न मुलुक भएपनि पर्याप्त पूँजीको अभावले यस्ता स्रोतहरूको दिगो उपयोग हुन सकिराखेको छैन। मुलुकको आर्थिक वृद्धिदर उकास्न तथा नेपाललाई आर्थिक समृद्धिको दिशातर्फ उन्मुख गराइ गरीबी निवारणको अभियानमा उल्लेखनीय सफलता हासिल गर्न राज्यको अथक प्रयास र प्रतिबद्धताको खाँचो पर्छ। यसका सञ्चालन गर्न प्रेरित गर्दै सामाजिक-आर्थिक रूपान्तरण गर्न सकिन्छ।

हुनत साधन र स्रोतको असमान वितरण प्रणाली, बढ्दो जनसङ्ख्याको चाप, अशिक्षा, सुशासनको अभाव, असन्तुलित विकास, रोजगारका अवसरको अभाव, प्राकृतिक प्रकोप, वित्तीय पहुँचको अभाव, राजनीतिक अस्थिरता, भ्रष्टाचार, हिंसा र द्वन्द्वजस्ता गतिविधिहरू गरीबीका प्रमुख कारण हुन्। नेपालको आर्थिक समृद्धिमा बाधकका रूपमा रहेका गरीबी र बेरोजगारी न्यूनीकरणका लागि सरकारले विपन्न वर्ग कर्जा ल्याएको हो। सामाजिकरूपमा पिछडिएका, न्यून आय भएका महिला, जनजातिलगायत विपन्न वर्गमा बैंक तथा वित्तीय संस्थाले साढे दुई खर्ब रुपैयाँ कर्जा प्रवाह गरेका छन्। यो लक्षित वर्गको आर्थिक उन्नतिका लागि नेपाल राष्ट्र बैंकको निर्देशनमा गत पुससम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा हो। चालू आर्थिक वर्षको पहिलो ६ महीनामा बैंक तथा वित्तीय संस्थाले साढे दुई खर्ब रुपैयाँ कर्जा विपन्न वर्गमा प्रवाह गरेको राष्ट्र बैंकको तथ्याङ्क छ। गत आर्थिक वर्षको पहिलो ६ महीनाको तुलनामा चालू आर्थिक वर्षको सोही अवधिमा प्रवाह भएको यस्तो कर्जा करीब २१ प्रतिशत बढेको हो। गत आर्थिक वर्षको पहिलो ६ महीनामा यस्तो कर्जा २ खर्ब २ अर्ब रुपैयाँ प्रवाह भएको नेपाल राष्ट्र बैंकले जनाएको छ। राष्ट्र बैंकका अनुसार अघिल्लो वर्षको तुलनामा सो अवधिमा यस्तो कर्जा करीब १४ प्रतिशतले बढेको थियो। पिछडिएको तथा विपन्न वर्गको आयआर्जन अभिवृद्धि गर्ने उद्देश्यले हाल वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीले पनि आफ्नो कुल लगानीको न्यूनतम ५ प्रतिशत विपन्न वर्गमा लगानी गर्नुपर्ने व्यवस्था रहेको राष्ट्र बैंकले जनाएको छ।

राष्ट्र बैंकका अनुसार गत पुससम्म विपन्न वर्गमा प्रवाह भएको लगानी बैंक तथा वित्तीय संस्थाको कुल लगानीको करीब ६.६४ प्रतिशत हो। उल्लिखित कर्जामध्ये करीब २५ प्रतिशत बैंक तथा वित्तीय संस्थाले सीधैं र बाँकी ७५ प्रतिशत जनाएको छ। बन्दाबन्दी अवधिमा लघुवित्त वित्तीय संस्थाको कर्जा लगानी पनि प्रभावित भएकाले विपन्न वर्गमा धेरै कर्जा प्रवाह हुन पाएको थिएन। राष्ट्र बैंकका अनुसार हाल विकास बैंक र वित्त कम्पनीले पनि आफ्नो कुल लगानीको न्यूनतम ५ प्रतिशत विपन्न वर्गमा लगानी गर्नुपर्ने व्यवस्था छ। यसअघि विकास बैंकले कुल कर्जाको न्यूनतम ४.५ प्रतिशत र वित्त कम्पनीले ४ प्रतिशत यो क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था थियो। विपन्न वर्ग भन्नाले न्यून आय भएका र खासगरी सामाजिकरूपमा पिछडिएका महिला, जनजाति, दलित वर्ग, आपङ्गता भएका व्यक्ति, सीमान्तकृत समुदाय तथा साना किसान, कालिगड, मजदूर र भूमिहीन परिवारलाई जनाउँछ। विपन्न वर्गको आर्थिक तथा सामाजिक उत्थानका लागि सञ्चालन हुने स्वरोजगारमूलक लघु उद्यम सञ्चालन गर्न तोकिएको सीमासम्म प्रवाह हुने लघु कर्जालाई 'विपन्न वर्ग कर्जा'मा गणना गरिएको छ।

विपन्न वर्गको आर्थिक तथा सामाजिक उत्थानका लागि बैंक तथा वित्तीय संस्थाले यस्तो कर्जा प्रवाह गर्दै आएको दाबी गरे पनि अधिकांश यस्तो कर्जा लक्षित समुदायसम्म नपुगेको जानकारहरू बताउँछन्। विपन्न वर्गको नाममा पहुँचवाला र हुने-खानेले मात्र उक्त सुविधा लिंदै आएको उनीहरूको तर्क छ। राष्ट्र बैंकले निर्देशन जारी गरे पनि प्रभावकारीरूपमा नियमन गर्न नसकेकै कारण वास्तविक विपन्न वर्गका व्यक्ति यो सुविधाबाट वञ्चित रहेको छ। तर राष्ट्र बैंकले भने विपन्न वर्ग कर्जा प्रायः बैंकले लघुवित्तमार्फत प्रवाह गरिरहेको हुँदा यसको दुरुपयोग हुने सम्भावना अत्यन्त न्यून रहेको जनाएको छ। यसका साथै लक्षित वर्गसम्म कर्जाको प्रचारप्रसार हुन नसक्नु वा कम हुनु, प्रक्रियागत झन्झटका कारण लक्षित वर्गको कर्जामा पहुँच पुग्न नसक्नु वा कम पुग्नु, कमजोर वित्तीय चेतना, नियमन तथा सुपरीवेक्षण प्रभावकारी हुन नसक्नुजस्ता कारणले पनि यो कर्जा प्रभावकारीरूपमा कार्यान्वयनमा आउन सकेको छैन। त्यसैले अहिलेको सङ्कटका बेलामा मुलुकको आर्थिक रूपान्तरणका लागि विपन्न कर्जाको प्रभावकारी कार्यान्वयनमा सरकारको ध्यान जानुपर्दछ।

मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले शैक्षिक प्रमाणपत्र धितोमा राखेर प्रदान गरिने कर्जा आर्थिकरूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीलाई उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययनका लागि उपलब्ध गराइने कर्जा, दलित समुदायलाई व्यवसाय गर्न सामूहिक जमानीमा उपलब्ध गराइनेलगायत ९ प्रकारका कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्न छुट दिएको छ। उल्लिखित शीर्षकको कर्जामा ५ देखि ६ प्रतिशतसम्म ब्याज अनुदान दिने सरकारको नीति छ। रुग्ण उद्योग, घरेलु तथा साना उद्योग, वैदेशिक रोजगार, दलित, जनजाति, उत्पीडित, महिला, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग तथा समुदायका व्यक्तिद्वारा सञ्चालित साना व्यवसाय आदिलाई प्रवर्द्धन गर्न र निर्यातलाई प्रोत्साहन गर्न राष्ट्र बैंकले एक प्रतिशतमा विशेष पुनर्कर्जा प्रदान गर्दै आएको छ। चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले व्यावसायिक परियोजनाका लागि धितो लिई तोकिएका कृषि, लघु उद्यम तथा व्यवसाय गर्ने विपन्न तथा न्यून आय भएका व्यक्ति, फर्म वा समूहलाई प्रदान गरिने कर्जा सीमा ७ लाखबाट बढाएर १५ लाख रुपैयाँ पुऱ्याइएको छ। 'क', 'ख', 'ग' र थोक कर्जा प्रवाह गर्ने 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाले विपन्न वर्ग कर्जाका रूपमा लघुवित्तीय संस्थाहरूलाई प्रवाह गर्ने कर्जामा ०.५ प्रतिशतभन्दा बढी सेवा शुल्क लिन नपाइने व्यवस्था राष्ट्र बैंकले गरेको छ।

आर्थिक समृद्धिका लागि मुलुकको सन्तुलित विकास हुनु आवश्यक छ। यसका लागि आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग, पेशा तथा सम्भावना भएका क्षेत्रलाई सहुलियत ब्याजदरमा पूँजी उपलब्ध गराएर उनीहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउनुपर्ने हुन्छ। विपन्न वर्ग कर्जाको प्रभावकारी उपयोगले आन्तरिक उत्पादन, आय र रोजगार बढ्नुका साथै निर्यात र आयातबीचको ठूलो खाडल पुर्दै बाह्य व्यापारघाटा कम गर्न मदत पुग्छ। यसका साथै आत्मनिर्भर अर्थतन्त्रको विकासमा ठूलो सहयोग पुग्छ। त्यसैले यस्तो कर्जाको प्रभावकारी उपयोगका लागि सबै सरोकारवाला पक्षले जिम्मेवारीपूर्ण ढङ्गले आआफ्नो भूमिका निर्वाह गर्नुपर्छ। अनिमात्र आगामी दिनमा यस कर्जाको लक्ष्य प्राप्त हुने र मुलुकको सन्तुलित विकासमा सहयोग पुग्ने देखिन्छ।

# वीरगंजमा ७१औं चिकित्सक दिवस मनाइयो

प्रस, वीरगंज, २० फागुन/

वीरगंजमा ७१औं चिकित्सक दिवस मनाइएको छ। नेपाल चिकित्सक सङ्घ नारायणी शाखा वीरगंजको आयोजनामा वीरगंज नगर सभागृहमा बिहीवार अपराह्न ५ बजेदेखि शुरू भएको कार्यक्रममा पछिल्लो एक वर्षको चिकित्सक सङ्घका गतिविधिलाई समीक्षा र कोरोना महामारीको समयमा पर्सा, बाराका विभिन्न कोभिड अस्पतालमा योगदान दिएका ७७ जना चिकित्कहरूलाई सम्मानपत्रसहित सम्मानित गरिएको थियो।

कार्यक्रममा सङ्घका सचिव डा उदयनारायण सिंहले सङ्घको गतिविधिबारे पावरप्वाइन्टद्वारा प्रस्तुत गरेका थिए। उनले पहिले साढे ३ सय चिकित्सक सङ्घमा आबद्ध रहेकामा पछिल्लो एक वर्षमा सयजना सदस्य थपिएको बताए। उनले रु १५ लाख मुद्दती खातामा, साढे ८ लाख रुपैयाँ मौज्दात रहेको र ९ लाख रुपैयाँ घरभाडाबापत बाँकी रहेको बताए।

कार्यक्रममा सङ्घका केन्द्रीय सहसचिव डा नीरजकुमार सिंह, डा फावाद आलम, डा नौसाद आलम, डा अशोक गुप्ता, डा गोरखनाथ मिश्रलगायतले मन्तव्य व्यक्त गरेका थिए।

सम्मानपत्र पाउनेमा डा मनोज गुप्ता, डा वीरेन्द्र प्रधान, डा भोला बछार, डा उदयनारायण सिंह, डा आरके सिंह, डा दिलीप चौरसिया, डा दीपक चौरसिया, डा सुरेन्द्र चौधरी, डा जेपी जैसवाललगायत रहेका थिए।

सङ्घका अध्यक्ष डा अरुणकुमार सिंहको अध्यक्षता र स्टाफ नर्सद्वय मनीषा पाण्डे र जेनिता महर्जनको सहजीकरणमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि वीरगंजका प्रमुख विजयकुमार सरावगी, उपप्रमुख शान्ति कार्की, नारायणी




अस्पताल विकास समितिका अध्यक्ष पुरेन्द्रकिशोर लाभ, चण्डीप्रसाद गण श्रीपुरका प्रमुख सेनानी मदनजङ्ग राणा, भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत नितेश कुमार, कन्सुलर सुरेश कुमारलगायतको सहभागिता थियो।

सोही अवसरमा महामारीको समयमा होटललाई क्वारेन्टाइन बनाउन सहयोग गरेकोमा होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंजका अध्यक्ष हरि पन्त, टाउन हलका व्यवस्थापक भोला कलवारलाई पनि सम्मानित गरिएको थियो।

कार्यक्रममा प्रमुख अतिथि महानगर प्रमुख सरावगीले कोरोनाकालमा अग्रपङ्क्तिमा खटेका चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, जनप्रतिनिधिलगायतलाई योगदान दिएर कोरोना नियन्त्रण गरेकोमा सराहना गरे। उनले वीरगंजमा उपचार गराउने कोरोना सङ्क्रमितमध्ये ५३ प्रतिशत वीरगंजका नागरिक र ४७ प्रतिशत पर्साका अन्य पालिका, बारा, रौतहट, सर्लाही, महोत्तरीसम्मका बासिन्दा रहेको चर्चा गरे।

## सर्वोत्तम सिमेन्ट....

हाराहारीमा मापन गरिएको कम्पनीको भनाइ छ। कोरोनापछि कम्पनीले सिमेन्ट बेच्ने रणनीति थप चुस्त बनाएको र अहिलेको समयमा बजारमा उधारो एक रुपैयाँ पनि नरहेको प्रबन्धक पाण्डे बताउँछन्। यसले कम्पनीको आर्थिक सबलीकरण पनि सकारात्मक दिशामा बढ्दै गएको उनको भनाइ छ।

सौरभ समूहका अध्यक्ष विष्णु न्यौपाने हुन् भने सर्वोत्तम सिमेन्ट आइसिओ ९००१/१४००१ सर्टिफाइड भएको छ। सर्वोत्तमले करीब ३ अर्ब रुपैयाँको लगानीमा वीरगंजमा सर्वोत्तम स्टील कारखाना पनि आगामी वैशाखदेखि सञ्चालनमा ल्याउने तयारीमा रहेको छ। यो समूहले निर्माणजन्य सामग्रीको क्षेत्रमा आफ्नो बजार विस्तार गर्दै गएको छ। सिमेन्टमा सर्वोत्तमकै मात्र करीब ६ प्रतिशत बजार हिस्सा छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल** मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०


# हरिवनका चारवटा पसललाई जरिवाना

प्रस, वीरगंज, २० फागुन/

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय पर्साले बिहीवार हरिवनको सर्लाही बजारको अनुगमन गर्ने क्रममा चारवटा पसललाई १ लाख ७० हजार रुपैयाँ जरिवाना तिराएको छ।

निमित्त कार्यालय प्रमुख जीतबहादुर भण्डारीको नेतृत्वमा इलाका प्रहरी कार्यालय हरिवन, इलाका प्रशासन कार्यालय हरिवन, हरिवन नगरपालिका, नगर उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरू सहभागी भएको टोलीले मूल्यसूची नराख्ने चारवटा पसललाई जरिवाना गरेको हो।

हरिवन-९ स्थित मोहन किरानापसल, न्यू दीपक वस्त्रालय र सुयोग ट्रेडर्सलाई ५०/५० हजार र निशा हार्डवेयरलाई उपभोक्ता संरक्षण ऐन बमोजिम २० हजार रुपैयाँ जरिवाना गरिएको आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका सूचना अधिकारी दिलीपखड्ग खत्वेले जानकारी दिए।



पसलहरूको अनुगमन गर्दै टोलीका पदाधिकारीहरू। तस्वीरः सौजन्य

# पूर्व-पश्चिम राजमार्गको स्तरोन्नति तीव्र

लहान, २० फागुन/रासस

पूर्व-पश्चिम राजमार्गको स्तरोन्नति कार्यले तीव्रता पाएको छ। राजमार्गमा बढ्दो सवारी चापलाई दृष्टिगत गरी पूर्व-पश्चिम राजमार्गलाई स्तरोन्नति गरी ६ र ४ लेनको सडक निर्माण गर्न लागिएको हो।

सप्तरीको कञ्चनरूप नगरपालिकाबाट सिराहाको कमला नदीसम्मको सडकलाई चार र छ लेनमा स्तरोन्नति गर्ने काम अघि बढाइएको कञ्चनरूप-कमला सडक आयोजनाले जनाएको छ। सडक स्तरोन्नति अन्तर्गत पहिलो चरणमा सिराहाको लहान नगरपालिका-११ बाट धनगढीमाई नगरपालिकासम्म सडकमा काम तीव्ररूपमा अघि बढ्दा सिराहावासी खुशी छन्।

"साँघुरो सडकमा सवारीसाधनको चाप बढ्दै जाँदा दैनिक सवारी दुर्घटना बढी हुने गरेको छ," सिराहाको लहान नगरपालिका-११ का राजेन्द्र चौधरीले भने, "सडक विस्तारपछि सवारी दुर्घटनामा कमी आउँछ र सडक पनि फराकिलो हुन्छ।" सडक विस्तारले पूर्व-पश्चिम राजमार्गमा हुने सवारी जामसमेत घट्ने उनको विश्वास छ। हाल दुई लेनको र पूर्व-पश्चिम राजमार्ग स्तरोन्नति कार्य अन्तर्गत बजार क्षेत्रमा ६ लेन र बाहिर क्षेत्रमा ४ लेनको सडक निर्माण गरिने कञ्चनरूप-कमला सडक आयोजना सिराहाका इन्जिनीयर मनोजकुमार मण्डलले जानकारी दिए।

पूर्व सप्तरीको कञ्चनरूपबाट सिराहाको कमलासम्म ८७ किलो मिटरको सडक स्तरोन्नति गर्न चिनियाँ रेलवे नं २ इन्जिनीयर ग्रुप कम्पनी लिमिटेडलाई ठेक्का दिएको हो।

# अन्तर्राष्ट्रिय समाचार

## स्वीडेनमा शङ्कास्पद आतङ्कवादी आक्रमण, सातजना घाइते

स्टकहोम, २० फागुन/एएफपी

स्वीडेनको भेटल्यान्डा शहरमा एक व्यक्तिले अन्धाधुन्ध छुरा प्रहार गरी कम्तीमा सात व्यक्तिलाई घाइते बनाएका छन्। प्रहरीले उक्त घटनालाई शङ्कास्पद आतङ्कवादी आक्रमण भन्दै अनुसन्धान शुरू गरेको छ।

बिहीवार बिहान प्रहरीले जारी गरेको विज्ञप्तिमा उक्त घटनामा सात व्यक्ति घाइते भएको जनाउँदै तर विस्तृत विवरण भने दिइएको छैन।

बीस वर्षको आसपासका ती शङ्कास्पद व्यक्तिलाई प्रहरीले अस्पताल पुऱ्याएको छ। बुधवार अपराह्न भएको उक्त आक्रमणपछि प्रहरीले ती आक्रमणकारीलाई गोली हानी नियन्त्रणमा लिएको थियो।



आक्रमणको घटनापछि सुरक्षार्थ खटिएका प्रहरी। तस्वीरः एएफपी

एएफपीसँग कुरा गर्दै प्रहरीले घटनामा ती व्यक्तिले तीखो हतियार प्रयोग गरेको जनाएको छ। प्रहरीले शुरूमा उक्त घटनालाई हत्या प्रयासको संज्ञा दिँदै शङ्कास्पद आतङ्कवादी अपराधका रूपमा अनुसन्धानलाई अगाडि बढाएको जनाएको छ।

स्थानीय जोन्कोपिङ अस्पतालले घाइतेमध्ये तीनजना सख्त घाइते अवस्थामा रहेका तथा अन्य दुईजनाको चोट निकै गम्भीर प्रकृतिको रहेको जनाएको छ।

पत्रकारहरूसँग कुरा गर्दै क्षेत्रीय प्रहरी प्रमुख मलेना ग्रानले उक्त आक्रमणको घटनालाई आतङ्कवादी आक्रमणका रूपमा लिएर अनुसन्धान भइरहेको जानकारी दिए।

आक्रमणकारी स्थानीय व्यक्ति रहेका र विगतमा पनि सानातिना अपराधका कार्यमा संलग्न रहेको प्रहरीले जनाएको छ। प्रहरीले ती व्यक्ति स्वेडिश नागरिक हो वा होइन भन्नेबारेमा केही खुलाएको छैन।

स्वेडिश प्रधानमन्त्री स्टेफान लफभेनले उक्त आक्रमणको घटनाको निन्दा गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्।

पछिल्ला वर्षहरूमा स्वीडेनमा आतङ्कवादी आक्रमणका घटना दोहोरिन थालेका छन्। सन् २०१० डिसेम्बरमा राजधानी स्टकहोममा एक व्यक्तिलाई आत्मघाती बम बोकेर हिंडिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरेको थियो।

सन् २०१७ को अप्रिलमा एकजना उज्बेक नागरिकले ट्रक चोरी गरेर मानिसको भीडमा कुदाएका थिए। त्यस घटनामा पाँचजनाको ज्यान गएको थियो। उनी अहिले आजीवन कारावासको सजाय भोगिरहेका छन्। रासस

## म्यान्मामा सेनाको गोली लागेर एकै दिन ३८ जनाको मृत्यु

याङ्गुन, २० फागुन/एएफपी

म्यान्माको सेनाले सत्ता लिएको विरोधमा सहभागी प्रजातन्त्रवादी प्रदर्शनकारीमाथि सुरक्षाकर्मीले चलाएको गोली लागेर बुधवार एकै दिन कम्तीमा ३८ जना प्रदर्शनकारीको मृत्यु भएको छ।

म्यान्माको सेनाले गत फेब्रुअरी १ मा सत्ता लिएयता एकै दिन यति ठूलो सङ्ख्यामा प्रदर्शनकारीको मृत्यु भएको यो पहिलो घटना हो।

अनलाइनमा सार्वजनिक तस्वीरहरूमा सुरक्षाकर्मीले प्रदर्शनकारीमाथि गोली चलाएको र घाइते प्रदर्शनकारीका शरीर रगतपच्छे भएको देखिएको छ।

बुधवारको हिंसापछि अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले म्यान्माको घटनाबाट अमेरिका स्तब्ध भएको प्रतिक्रिया दिएका छन्।

उनले म्यान्मामा सैनिक दमनका विरुद्धमा विश्वका सबै मुलुकले निन्दा र भर्त्सना गर्नुपर्नेमा जोड दिए।

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याँक्रोले म्यान्मामा जारी दमन तत्काल रोक्न आग्रह गरेका छन्।

सेनाले सत्ता लिएयता ५० जनाभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको म्यान्माका लागि राष्ट्रसङ्घका प्रतिनिधि स्रानर बर्गेनरले बताएका छन्।

बिहीवार प्रदर्शनकारीहरूले याङ्गुन र मन्डाले शहरका साथसाथै अन्य शहर बजारमा जुलूस निकालेका छन्।

सुरक्षाकर्मीले गत फेब्रुअरी १ यता हालसम्म झन्डै एक हजार ५०० प्रदर्शनकारीलाई गिरफ्तार गरिसकेको छ।

सेनाले म्यान्माकी नेत्री आङ सान सुकीसमेत उनको दल नेशनल लिग फर डेमोक्रेसीका ठूलो सङ्ख्याका नेता एवं कार्यकर्ता नजरबन्दमा राखेको छ। रासस

## बम राखिएको हल्लापछि ताजमहल बन्द

नयाँ दिल्ली, २० फागुन/सिन्हवा

भारतीय उत्तरी राज्य उत्तर प्रदेशमा अवस्थित एक प्रसिद्ध पर्यटकीय संरचना ताजमहलमा बम राखिएको भन्ने सूचनापछि बिहीवार सो ताजमहल बन्द गराइएको समाचारमा जनाइएको छ। यहाँका स्थानीय सञ्चारमाध्यमहरूले सो समाचारपछि बिहीवार बिहानदेखि अहिलेसम्म बन्द गराइएको बताएका छन्। साथै सो ताजमहलभित्र रहेका विभिन्न विदेशी तथा स्वदेशी पर्यटकलाई बाहिर निस्किन स्थानीय सुरक्षा अधिकारीहरूले सूचना जारी गरेका छन्।



तस्वीरः सिन्हवा

बिहीवार सो ताजमहलमा कम्तीमा पनि एक हजारजना पर्यटक रहेका र उनीहरूलाई सो ताजमहल परिसरबाट बाहिर निस्किन सूचना जारी गरिएको समाचारमा जनाइएको छ।

एकजना अज्ञात व्यक्तिले त्यहाँ बम रहेको सूचना फोनबाट यहाँका स्थानीय सुरक्षा अधिकारीलाई गराएका थिए। त्यसपछि उक्त स्थान खाली गराएर बम रहे नरहेको बारेमा अनुसन्धान गर्ने काम भइरहेको पनि अधिकारीहरूले जानकारी दिएका छन्।

बमको यो हल्लाले पर्यटकीय शहर आगरामा पनि सतर्कता अपनाइएको छ। उक्त ताजमहल यहाँका मुगल सम्राटले आफ्नी पत्नी मुमताज महलको स्मृतिमा सन् १६५३ मा निर्माण गरेका हुन्। रासस

## बलात्कार मुद्दामा फरार अभियुक्त पक्राउ

प्रस, सप्तरी, २० फागुन/

बलात्कार अभियोगमा एक वर्षदेखि फरार सप्तरीको खडक नगरपालिका–७ कल्याणपुर बस्ने २५ वर्षीय एक युवकलाई प्रहरीले बिहीवार पक्राउ गरेको छ।

एक्काइस वर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा फरार युवकलाई इलाका प्रहरी कार्यालय कल्याणपुरले पक्राउ गरेको हो।

पीडित युवतीले बितेको माघ ९ गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा लिखित जाहेरी दिएको प्रहरी नायब उपरीक्षक भुवनेश्वरप्रसाद साहले बताए।

खडक–६ स्थित पूर्व–पश्चिम राजमार्गमा रहेको आँप बगैंचामा २०७६ फागुन १० गते आरोपितले बलात्कार गरेको पीडित युवतीले बताएकी छन्।

## स्व रोशनीका परिवारलाई बीमा रकम हस्तान्तरण

प्रस, वीरगंज, २० फागुन/

सानिमा लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड वीरगंज शाखाले बीमित स्व रोशनी पटेलको परिवारलाई बीमाबापत रु १ लाख ३५ हजारको चेक हस्तान्तरण गरेको छ।



तस्वीरः सौजन्य

वीरगंज–२८ दरदरवा निवासी सात वर्षीय रोशनी पटेलको निधन भएको र उनको १ लाख २० हजारको बीमा गराइएकोले उनका पिता शेषराउत कुर्मीलाई सो बीमाबापतको चेक हस्तान्तरण गरिएको हो। बीमा गराएको दुई वर्षमा रोशनीको निधन भएको थियो।

चेक हस्तान्तरण कार्यक्रममा वडाध्यक्ष गिरिजादेवी पटेल, इन्स्योरेन्सका रुस्तम मियाँ, सुष्मिता कुमारी जैसवाललगायतको सहभागिता थियो।

### वन कर्मचारीहरू.....

बढी काठ तस्कर फरार छन्।

घटनामा संलग्नलाई कानूनी दायरामा ल्याएरै छाड्ने जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

### समयमा कर चुक्ता....

बताइन्।

सो कार्यक्रममा सुकुमबासी समस्या समाधान आयोग बाराका अध्यक्ष अम्बिकाप्रसाद चौलागाईंले पनि मन्तव्य व्यक्त गरेका थिए।

निजगढ नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामकृष्ण नेपालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन स्थानीय उद्योगी ज्ञानेन्द्रप्रसाद चौलागाईंले गरेका थिए। आन्तरिक राजस्व कार्यालय बाराको आयोजना र निजगढ नगर उद्योग वाणिज्य सङ्घको समन्वयमा भएको कार्यक्रममा सहभागी उद्योगी–व्यवसायीहरूले आआफ्नो गुनासासमेत राखेका थिए।

घरेलु तथा साना उद्योग कार्यालय
गौर, रौतहट (नेपाल)

## उद्यमीहरूबाट प्रविधि माग प्रस्ताव पेश गर्ने सूचना

(प्रथमपटक प्रकाशितमिति २०७७/११/२१)

घरेलु तथा साना उद्योग कार्यालय, रौतहटको आव २०७७/७८ को स्वीकृत अख्तियारी तथा कार्यक्रम अनुसार यस जिल्लामा दर्ता भई सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्यमीहरूको स्तरोन्नतिको लागि २० प्रतिशत उद्यमीको लागत सहभागितामा बढीमा रु १,००,०००।– (एक लाखसम्म)को मेशिन तथा उपकरणहरू हस्तान्तरण गर्ने कार्यक्रम रहेको हुँदा तपसिलका शर्तहरूभित्र रही इच्छुक उद्यमीहरूलाई देहायका कागजातहरूसहित यस कार्यालयले तोकेको ढाँचामा यो सूचना (प्रथमपटक प्रतीक दैनिक पत्रिकामा) प्रकाशित मितिले ३० दिनभित्र यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्तावसहित आवश्यक पर्ने कागजातहरू :-**

१. उद्योग–व्यवसाय दर्ता, नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
२. प्यान/भ्याट दर्ता र नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
३. आव २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. व्यावसायिक योजना/स्कीम।
५. सञ्चालित उद्योगसँग सम्बन्धित तालीमको प्रमाणपत्रको प्रतिलिपि।

**शर्तहरू :-**

* नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट कुनै प्रकारको सहुलियत, सुविधा वा अनुदान नलिएको भन्ने स्वघोषणापत्र।
* यो कार्यक्रम ८० प्रतिशत अनुदान र २० प्रतिशत उद्यमीको लागत सहभागितामा भएकोले माग भई स्वीकृत रकमको २० प्रतिशत उद्यमी स्वयंले बेहोर्नुपर्नेछ।
* उपलब्ध बजेटभन्दा बढी प्रविधि माग प्रस्ताव पेश भएमा तोकिएको समितिले निर्णय गरेबमोजिम हुनेछ।
* प्रविधि हस्तान्तरण गरिने उद्यमीहरूको छनोट लघु, घरेलु तथा साना उद्योग प्रविधि (मेशिन, उपकरण) हस्तान्तरण कार्यविधि, २०७३ बमोजिम हुनेछ।
* म्याद नाघी आएको र रीत नपुगी आएको निवेदनलाई यस कार्यक्रममा समावेश गरिनेछैन।
* अन्य आवश्यक कुरा बुझ्नुपरेमा यस कार्यालयमा वा कार्यालयको फोन नं. ०५५–५२०१७२ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

पोखरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पोखरिया, पर्सा
प्रदेश नं.२, नेपाल

## प्रस्ताव आह्वानसम्बन्धी सूचना

***प्रथमपटक प्रकाशित मिति २०७७/११/२१ गते***

आव २०७७/७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, पोखरिया नगरपालिका पोखरिया, पर्साको स्वीकृत वार्षिक कार्यक्रम अनुसार **बाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम** तपसिलका क्षेत्रमा सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक पशुपक्षीपालक, कृषक समूह/सहकारी/जल/वन उपभोक्ता समिति/पशुपक्षी फर्महरूले आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले १५औं दिन अर्थात् मिति २०७७/१२/६ गतेभित्र यस पोखरिया नपा, पशु सेवा शाखामा तोकिएको ढाँचा (अनुसूची १० र ७) अनुसार सिलबन्दी आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीको लागि पोखरिया नगरपालिकाको पशु सेवा शाखा र सम्पर्क व्यक्ति श्री कौशलकुमार झाको मोनं ९८४४०३२५७५ मा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

**कार्यक्रमः बाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम**

**कार्यक्रम लागू भएको स्थानीय तहः पोखरिया नगरपालिकाका वडाहरू**

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू:

१) आवेदन (अनुसूची–१०) अनुसारको रु १०/– हुलाक टिकट टाँस भएको हुनुपर्ने।
२) सम्बन्धित वडाको सिफारिशपत्र।
३) सम्बन्धित निकायमा कृषि तथा पशुपक्षीपालन समूह/सहकारी संस्था/समिति/फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
४) कार्यक्रम सञ्चालन हुने स्थल जग्गा/जमीनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा पाँच वर्षको सम्झौतानामा।
५) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
६) कार्यसमितिको निर्णयको प्रतिलिपि।
७) आव २०७६/०७७ को लेखापरीक्षण तथा पान नं प्रमाणपत्रको प्रतिलिपि।
८) बाख्राको सङ्ख्याः १००० (माउ बाख्रा) हुनुपर्ने।

***नोटः अनुसूची १०, ६ र ७ यस कार्यालयबाट उपलब्ध गराइनेछ र जोन/ब्लक सञ्चालित पालिकाका वडाहरू तथा कृषक दोहोरिने गरी पकेट कार्यक्रम सञ्चालन गर्न पाइनेछैन।***

**पोखरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पर्सा**

### आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – यात्रालाभ |
| मिथुन – शत्रुभय | कर्कट – कार्यनाश |
| सिंह – उदरपीडा | कन्या – विजय |
| तुला – कान्तिक्षय | वृश्चिक – भाग्योदय |
| धनु – बेचैनी | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – राज्यभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

Om Advertising
A Complete art Solution
3D Flex Print 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703

Poonam Arts
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653




Admission Open
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

# बारामा काठ चोरी तस्करीका घटना बढ्यो

प्रस, निजगढ, २० फागुन/




दिनरात वन सुरक्षाका लागि खटिएका वन कर्मचारीहरूले गस्ती गरिरहे पनि बाराको वन क्षेत्रमा पेशेवर काठ चोर तस्करहरूले रूख ढाल्दै गोलिया चोरी तस्करी गर्ने गरेका छन्।

डिभिजन वन कार्यालय सिमरा र मातहतका सशस्त्र वनरक्षक, वनरक्षक, वन कर्मचारीहरूले काठ चोरी तस्करीमा संलग्नहरूलाई नियन्त्रणमा लिने प्रयास गरिरहेको र केही सफलता पनि पाएका छन्।

तस्कररूले काठको तस्करी लुकीछिपी, छक्याएर गर्ने गर्छन्। चोरी तस्करी हुने वन पैदावार अन्त्यमा गाउँबस्तीमैं ल्याएर प्रयोग गर्ने गर्छन्। अवैध कार्य गर्नेहरूविरुद्ध सचेत स्थानीयहरूले समयमैं सूचना वन संरक्षणकर्मीहरूलाई दिन बेवास्ता गर्दा वा आफूलाई असुरक्षित महसूस हुने भएकाले पनि सम्बन्धित निकायसम्म सूचना पुग्दैन। यसले गर्दा काठ तस्करहरूको मनोबल बढेको पाइन्छ।

गत आर्थिक वर्ष २०७६/०७७ मा ३२ वटा वन मुद्दा दायर भएको थियो। जसमा २२ वटा डिभिजन वन कार्यालयमा र १० वटा बारा जिल्ला अदालतमा दायर भएको थियो। काठ चोरी तस्करी बढेपछि वन मुद्दाको सङ्ख्यासमेत बढेको डिभिजन वन कार्यालय बाराको तथ्याङ्कले देखाएको छ।

गत आर्थिक वर्ष २०७६/०७७ मा १ हजार २८२.४३ क्यूफिट काठ चोरी तस्करी भएको तथ्याङ्कले देखाएको छ भने चालू आव २०७७/७८ मा फागुन तेस्रो सातासम्म ६ महीनाको अवधिमा १ हजार ९८३.५३ क्यूफिट काठ चोरी तस्करी भएको तथ्याङ्कले देखाएको छ। तथ्याङ्क अनुसार बाराको वनजङ्गलमाथि चोर तस्कर समूहले निरन्तर आक्रमण गरिरहेको छ।

काठ, गोलिया चोरी तस्करीमा वृद्धि हुनुमा एकातिर लामो समयसम्म लकडाउन रहनु र अर्कोतिर सरकारले एक वर्षसम्म काठ बिक्री वितरण गर्न आदेश नदिंदा काठको माग बढेर वनबाट काठ, गोलियाको चोरी तस्करी बढ्न गएको डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले बताए।

लामो लकडाउनमा अधिकांश बेरोजगारी भए। तत्कालका लागि उनीहरूको आम्दानीका स्रोत बन्द भयो। गाउँ, जिल्ला, प्रदेश र देश बाहिर रोजगारमा रहेकाहरू पनि गाउँबस्तीमा फर्किए। विगतमा काठ चोरी तस्करी कार्य छोडेका व्यक्तिहरू पनि पुनः यस कार्यमा फर्किएकाले पनि यस वर्षको ६ महीनामैं गत वर्षको तुलनामा काठ चोरी तस्करीका घटना दोब्बर भएको डिएफओ अहमदले बताए।

"वन कार्यालयमा रहेको साधन स्रोतलाई अधिकतम प्रयोग गरी २४सैं घण्टा दिनरात गस्ती, निगरानी बढाइरहेका छौं। नाकाहरू धेरै छन्। काम गर्दागर्दै पनि सोचे अनुसारको प्रतिफल पाउन त्यस बेला सकेनौं। अहिले स्थिति वन संरक्षणको हकमा सुदृढ हुँदै गइरहेको छ," उनले भने। तर सङ्घीय वन मन्त्रालयले एक वर्षयतादेखि काठ कटान र बिक्री वितरणमा लगाएको रोक फुकुवा नगर्दा अझै पनि चोरी तस्करीका घटना तत्काले नघट्ने उनले बताए।

"हामीले संरक्षणको पाटोमा सक्दो प्रयास गरिरहेका छौं। वनजङ्गलमा गाडी नै हुलेर काठ चोरी तस्करी हुन सक्ने कुरालाई मध्यनजर गर्दै राजमार्ग, सडकहरूको सम्भावित स्थानहरूमा खाडल अर्थात् ट्रेन्च खनेका छौं," डिएफओ अहमदले भने।

वन पैदावारको माग र आपूर्तिलाई जबसम्म सन्तुलन हुने गरी काम गरिंदैन, तबसम्म यस्ता समस्या आइरहने अधिकांश वनकर्मीको भनाइ छ। वन संरक्षणको पाटोमा केहीबाहेक अधिकांश पुरानै वन ऐन, नियम सक्रिय रहेकाले पनि संरक्षणको पाटो बलियो हुन सकेको देखिंदैन। वन संरक्षणका लागि सशस्त्र वनरक्षक भर्ना लिन सरकारले अझै चासो देखाएको छैन। केही वर्षदेखि नेपाल प्रहरी, सशस्त्र प्रहरी, सेनाबाट अवकाश पाएकाहरू करार सेवामा वनको संरक्षणमा छन्।

"जबसम्म वन सुरक्षाका लागि आवश्यक जनशक्तिसँगै कानूनलाई परिमार्जन गरी विशेष वन सुरक्षा योजना लागू गरिंदैन, तबसम्म तराई-मधेसको वनजङ्गल संरक्षण गर्न सहज नहुने वनविज्ञहरू बताउँछन्।

# छतबाट खसेर मजदूरको मृत्यु

प्रस, सर्लाही, २० फागुन/

छतबाट खसेर बिहीवार सर्लाहीमा एकजना मजदूरको मृत्यु भएको छ। जिल्ला सदरमुकाम मलङ्गवा नगरपालिका-४ पानीटङ्कीस्थित रामबाबू साहको दोस्रो तलाको छत ढलान गर्ने क्रममा खसेर मजदूरको मृत्यु भएको हो।

मृत्यु हुनेमा कौडेना गाउँपालिका-२ इनर्वा बस्ने २० वर्षीय श्याम मुखिया रहेको सर्लाहीका जिल्ला प्रहरी प्रवक्ता मदन कुँवरले जानकारी दिए। छतबाट खसेर गम्भीर घाइते भएका उनलाई उपचारको लागि जिल्ला अस्पताल मलङ्गवा लाँदै गर्दा बाटोमैं मृत्यु भएको प्रहरीले जनाएको छ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## शहीद स्मारक "बी" डिभिजन लिग : श्री भगवती क्लब विजयी

काठमाडौं, २० फागुन/रासस

शहीद स्मारक 'बी' डिभिजन लिग फूटबल अन्तर्गत बिहीवार भएको खेलमा श्री भगवती क्लब विजयी भएको छ।

ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा भएको खेलमा श्री भगवतीले झम्सिखेल युथ क्लबलाई ३-२ गोलअन्तरले पराजित गरेको हो। श्री भगवती क्लबका नवराज गुरुङ र मोहनबहादुर थापामगरले एक/एक गोल गरेका थिए। झम्सिखेलले एउटा आत्मघाती गोल गरेको थियो। झम्सिखेलका लागि मदन स्याङ्तान र अनिश चौधरीले एक/एक गोल फर्काए।

खेलको ११औं मिनेटमा झम्सिखेलका सुनील शाहीले आत्मघाती गोल गरेका थिए।

खेलको ३२औं मिनेटमा झम्सिखेलका स्याङ्तानले गोल गरे। यस्तै, खेलको ५६औं मिनेटमा भगवतीका गुरुङले तथा ७०औं मिनेटमा चौधरीले गोल गरेका थिए। खेलको ८४औं मिनेटमा भगवतीका थापाले दोस्रो गोल गर्दै आफ्नो टोलीलाई ३-२ ले विजयी गराए।

जीतसँगै भगवती नौ खेलबाट नौ अङ्क जोड्दै लिगको आठौं स्थानमा उक्लेको छ। यस्तै, झम्सिखेल नौ खेलमा ६ अङ्क जोडेर एघारौं स्थानमा छ। लिगमा १२ वटा क्लबले प्रतिस्पर्धा गरिरहेका छन्।

# बेतौनामा जग्गाधनी पुर्जा बाँडियो

प्रस, सिराहा, २० फागुन/

सिराहाको गोलबजार नगरपालिका-१२ बेतौनामा जग्गाधनी पुर्जा वितरण गरिएको छ। भोगचलनमा रहेको गाउँब्लक जमीनको नापी कार्यालय सिराहाले गाउँमैं पुगेर लालपुर्जा बाँडेको हो।

पुस्तौंदेखि भोगचलन गर्दै आए पनि जमीनको लालपुर्जा नपाएकाहरूलाई गाउँमैं गएर पुर्जा वितरण गरिएको प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेलले बताए। वर्षौंदेखि बस्दै आएको जमीनको धनीपुर्जा पाएपछि आफूलाई औधी खुशी लागेको स्थानीयवासी साहिद हुसैनको भनाइ छ। "बस्दै आएको गाउँब्लक जग्गामा ठूलो रकम खर्च गरेर घर निर्माण गरेको छु," उनले भने, "त्यो जग्गाको अहिले मालिक बन्न पाउँदा असाध्यै खुशी छु।"

सो वडाका ३७० घरधुरीलाई जग्गाधनी प्रमाण पुर्जा प्रदान गरिने र वितरण कार्य यसै साताबाट शुरू भइसकेको वडाध्यक्ष गणेश मुखियाले जानकारी दिए। केही विवादित जमीनको बारेमा पहल भइरहेकाले केही समय लाग्न सक्ने वडाध्यक्ष मुखियाले बताए। यसरी नापीले जग्गाधनी पुर्जा दिएको जमीनको ६० दिनसम्म उजूरी दिन सक्ने समय अवधि रहेकाले पुर्जामा कुनै त्रुटि देखिएमा कार्यालयमा सम्पर्क गरी सच्याउन नापी कार्यालयका प्रमुख सुभानन्द चौधरीले आग्रह गरे।

# आधारभूत प्रावि देवाहीको भवन शिलान्यास

प्रस, रौतहट, २० फागुन/

आधारभूत प्राथमिक विद्यालय देवाहीको भवन शिलान्यास भएको छ। देवाहीगोनाही नगरपालिकाका प्रमुख धर्मेन्द्र पटेलले भवन शिलान्यास गरेका हुन्। सो नगरपालिकाको वडा नं ३ मा रहेको आधारभूत प्राथमिक देवाहीमा नयाँ भवन निर्माण कार्यको लागि भवनको शिलान्यास गरिएको नगरपालिकाले जनाएको छ।

सो अवसरमा वडाध्यक्ष ब्रह्मदेव कुर्मी, प्रधानाध्यापक मोख्तार, शिक्षकहरू, अभिभावकहरू, विद्यार्थीहरूको सहभागितामा थियो। नगरप्रमुख पटेलद्वारा ३ कोठे दुई तला भवनको शिलान्यास भएको हो।

# ग्रीन सिटीको आयोजनामा वृक्षरोपण

प्रस, वीरगंज, २० फागुन/




समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरले बिहीवार वृक्षरोपण गरेको छ।

आदर्शनगरलाई ग्रीन बनाउने अभियान अन्तर्गत १८औं चरणको कार्यक्रममा आज नेपाल राष्ट्र बैंकको उत्तरतर्फको फूटपाथदेखि ठाकुर राम बहुमुखी क्याम्पसअगाडि श्रीसिया पुलसम्म ८० वटा बिरुवा रोपिएको ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानले बताए। नगरप्रमुख विजयकुमार सरावगी, प्रमुख जिल्ला अधिकारी आसमान तामाङ, प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, नेपाल पत्रकार महासङ्घ पर्साका सचिव युवराज खड्का, वीरगंज युवा समाजका अध्यक्ष कमल चौगाईं, प्रनि सुमन कार्की, दीपक साह, सरोज प्रजापति, ग्रीन सिटीका सञ्जय शर्मा, कविता खेतानलगायतको सहभागितामा वृक्षरोपण गरिएको थियो।

# छात्राहरूलाई आत्मरक्षा तालीम

प्रस, पर्सागढी, २० फागुन/


आत्मरक्षाबारे तालीम दिंदै। तस्वीरः प्रतीक

यौनजन्य हिंसा न्यूनीकरणका लागि आसमान नेपालले पर्सागढी नगरपालिकाको नेरामावि बर्वाटाँडीमा अध्ययनरत छात्राहरूलाई आत्मरक्षा तालीम प्रदान गरेको छ।

कक्षा ६ देखि १२ मा अध्ययनरत छात्राहरूलाई यौनजन्य हिंसा न्यूनीकरणका लागि आत्मरक्षा तालीम प्रदान गरिएको हो। तालीममा फाइस ब्याक क्लब ललितपुरका उद्धव थापामगर, सुरेन्द्र थापामगर, अश्विनकुमार चौधरी, विनोदबहादुर तामाङ, उर्मिला तामा, निशा तामाङ, सन्तुकुमार तामाङ, पूजा मगरलगायत १७ जनाले आत्मरक्षाका विविध विधाबारेमा छात्राहरूलाई प्रशिक्षण दिएका थिए। उनीहरूले महिला हिंसा न्यूनीकरणका लागि छात्राहरू आफैं सक्रिय हुनुपर्ने बताउँदै आत्मरक्षासम्बन्धी विविध विधाबारेमा प्रदर्शन गरेर प्रशिक्षण दिएका थिए।

# आगलागीपीडितलाई राहत वितरण

प्रस, पर्सागढी, २० फागुन/


राजेश कुमारलाई राहत सामग्री दिंदै। तस्वीरः प्रतीक

आगलागीबाट मृत्यु भएकी रिङ्की देवीको परिवारलाई प्रदेशसभा सदस्य राजेश्वर साह तेलीले खाद्यान्न सहयोग गरेका छन्।

१२औं दिनको पुण्यतिथिमा रिङ्की देवीका पति राजेश कुमारलाई २ बोरा चामल, २ बोरा च्युरा, १/१ बोरा दाल, चिनी, नून र १५ लिटर तेल प्रदेशसभा सदस्य तेलीले सहयोग गरेका हुन्। सो अवसरमा मदनप्रसाद यादव, सरजुग महतो, वकील अन्सारी, रुदल अन्सारी, प्रकाश ठाकुरलगायतको सहभागिता थियो। मुसौली टोलकी रिङ्की देवी आगलागीबाट घाइते भएपछि उनको उपचार वीरगंज, काठमाडौं र पटनामा गराइएको र पछि वीरगंजको नारायणी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

**बर्डफ्लूलगायतका रोगबाट बचन तथा बचाउन निम्नानुसारका जैविक सुरक्षाका उपायहरू अपनाऔं:**

- पशुपक्षीहरूलाई दाना पानी दिने भाँडाकुँडा, सुली आदि चीजहरू नाङ्गो हातले नछुऔं, यदि नाङ्गो हातले छोएमा तुरुन्त साबुन पानीले राम्रोसँग हातखुट्टा धुने गरौं।
- कुखुराको खोरबाट निस्केको सुली तथा अन्य वस्तु जथाभावी नफाली खाल्डोमा राखी तह लगाऔं।
- रोगबाट बच्न व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिऔं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग